
# अजातशत्रु



भगवान् बुद्धसँग राजा अजातशत्रुको प्रथम भेट

- भिक्षु अमृतानन्द

Downloaded from http://www.dhamma.digital

# अजातशत्रु

भिक्षु अमृतानन्द

प्रकाशक
**बेखारत्न शाक्य**
पूर्व नगरप्रमुख, ललितपुर उपमहानगरपालिका
तथा
नगरपालिका संघका संस्थापक अध्यक्ष
झम्सीखेल, सानेपा, ललितपुर ।

Downloaded from http://www.dhamma.digital

*प्रकाशक:*

**बेखारत्न शाक्य**

झम्सीखेल, सानेपा, ललितपुर ।

फोन : ५५२२६७८, ५५४५६७८

मोबाइल : ९८५१०१०६७८

दोस्रो संस्करण : १००० प्रति

तेस्रो संस्करण : १००० प्रति

चौंथो संस्करण : २००० प्रति

बुद्ध संवत् : २५५५

नेपाल संवत् : ११३१

विक्रम संवत् : २०६८

ईस्वी संवत् : २०११

चित्र सज्जा - **भिक्षु सोभन**, सुमङ्गल विहार ।

Dhamma.Digital

*पेज ले-आउट :* धर्मरत्न शाक्य

न्याखाचोक, तंचाको, यल । फोन नं. ५५३४६८२

यो पुस्तक धर्मदानको लागि हो
विक्रीको लागि होइन ।

मुद्रण : न्यू नेपाल प्रेस

*प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०

*व्यापारिक कार्यालय:* शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

Downloaded from http://www.dhamma.digital



**प्रातःस्मरणीय पिता संघरत्न शाक्य**

जन्म : १०२८ श्रावण शुक्ल तृतीया

दिवंगत : ११२० फागुन चतुर्थी

Downloaded from http://www.dhamma.digital



**पूजनीय माता : बेखामाया शाक्य**

जन्म : १९६६ मंसीर शुक्ल त्रयोदसी

दिवंगत : २०५३ फागुन शुक्ल पञ्चमी

Downloaded from http://www.dhamma.digital

# दिवंगत श्री संघरत्न शाक्यको

## संक्षिप्त परिचय

दिवंगत श्री संघरत्न शाक्यको जन्म नेपाल सम्वत् १०२८ श्रावण शुक्ल तृतीयाको दिन ललितपुर झतापोल तःजाफः कुलघर मा भएको थियो ।

हिरण्यवर्ण महाविहार *(क्वाःबहा)* को प्रसिद्ध याकःछें खलःका सिरोमणि श्रीलुतसिंका बंशज अनि *"तःजाफः"* का निर्माता श्री जयरत्न *(हिंलायजु)* को नाती धनज्योति, उहाँको पनि नाती भाजुबीरसिंको तीनजना छोराहरूमध्ये माहिला छोरा श्री पुण्यराज शाक्यका सात छोराछोरीहरूमध्ये उहाँदेखि कान्छो छोरा हुनुहुन्छ ।

आफ्ना पितापुर्खादेखि नै नुवाकोट जिल्ला त्रिशुली बजारमा आफ्नो व्यवसाय भएको कारण आफ्नो धर्म र समाजमा रही गुठिगाना इत्यादि त्रिशुली र ललितपुरमा आफ्ना गुरुकुलले गरिआएजस्तै बुद्धधर्मप्रति आस्थावान् हुनुहुन्थ्यो ।

उहाँको १९ वर्षको उमेरमा ललितपुर हःखा टोल निवासी श्री हर्षराज शाक्य तथा उहाँकी धर्मपत्नी हेरामाया शाक्यकी सुपुत्री श्री बेखामाया शाक्यसँग शुभविवाह सम्पन्न भएको थियो ।

स्वर्गीय अनागारिका धर्मचारीज्यूको नेपालमा स्थविरवाद बुद्धधर्म उत्थान गर्नमा धेरै योगदान थियो । उहाँले निर्माण गर्नुभएको किण्डोलस्थिल निर्वाणमूर्ति उपासिकाराममा स्वर्गीय अनागारिका विमुखा र विरती आफ्ना दिदी र भाञ्जी पनि बस्नुहुन्थ्यो । साथै अखिल नेपाल भिक्षु महासंघका संघनायक स्व. भिक्षु शाक्यानन्द महास्थविर, स्व. भिक्षु अमृतानन्द महानायक महास्थविर र वर्तमान उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविर पनि आफ्नै ज्ञातिबन्धु हुनुको कारण यो धर्ममा श्रद्धा र विश्वास दरिलो हुने नै भयो । त्यस्तै स्व. भिक्षु धम्मालोक



Downloaded from http://www.dhamma.digital

महास्थविरज्यू पनि समय समयमा त्रिशुली आउनु भई धर्मदेशना गर्नु हुन्थ्यो । सोही कारण एकतन्त्र राणाशासनमा स्थविरवाद बुद्धधर्मलाई बिदेशबाट सञ्चालित धर्म अर्थात् बर्मा *(म्यानमार)*, श्रीलंका, थाईलैण्डबाट आएको धर्म भनी स्थविरवादी भिक्षुहरूलाई कुदृष्टि राखी देश निकाला समेत गरेको समयमा पनि भिक्षु अनागारिका *(गुरुआमाहरू)* त्रिशुलीमा आउनुहुँदा स्वागत सत्कारको साथै चतुप्रत्ययद्वारा सेवा भईरहन्थ्यो ।

भिक्षु धम्मालोक महास्थविरज्यू त्रिशुली आउनुहुँदा समय समयमा भन्नुहुन्थ्यो "भिक्षुहरू गृहस्थहरूको घरमा धेरै दिन बस्न हुँदैन, यहाँ एउटा विहार बनाउने प्रयास भए हुन्थ्यो ।" तदनुरूप वि.सं. २००६ सालमा उहाँ त्रिशुलीमा आउनुहुँदा उहाँले आफूलाई भिक्षाबाट प्राप्त चामल र नगद गरी जम्मा रु. ७५० विहार निर्माणार्थ बीजारोपण भनी हस्तान्तरण गर्नुभयो । सो प्राप्त भएको रकमलाई सदुपयोग गरी दाज्यू बुद्धरत्न शाक्य, *(उहाँ स्वयं)* संघरत्न शाक्य, भतिजा गजरत्न शाक्य, बेखारत्न शाक्य र *(म स्वयं)* धर्मरत्न शाक्य विहार निर्माण कार्यमा अग्रसर भई त्रिशुली बजारका सबै श्रद्धालु उपासक र उपासिकाहरू मिली विहार निर्माण गर्ने निर्णय गरियो । विहार बनाउनुको निम्ति हाम्रो अनुरोधलाई स्वीकार गर्नुभई त्रिशुली बजार निवासी श्रद्धालु श्री सत्यमान श्रेष्ठ, श्री श्याम श्रेष्ठ, श्री कालिबहादुर श्रेष्ठ, श्री लक्ष्मीदास श्रेष्ठ र श्री चन्द्रबहादुर श्रेष्ठसहित पाँच जनाको करीब २ रोपनी जति साझा जग्गा आफ्ना बाज्ये दुर्गादास मलेकू श्रेष्ठ र बज्यैको पुण्यस्मृतिमा चारैदिशाबाट आउने भिक्षु श्रावकसङ्घको निम्ति विहार बनाउन भनी प्रदान गर्नुभयो । सोही जग्गामा सबै उपासक उपासिकाहरू मिली विहार निर्माण भयो । यस विहारको लागि भिक्षु धम्मालोक महास्थविरज्यूले बुद्ध मूर्ति पनि आनन्दकुटि



Downloaded from http://www.dhamma.digital

विहारबाट लिएर आउनु भई विहारमा वर्षावास बस्न आउनुभयो र विहारलाई "सुगतपुर विहार" भनी नामाकरण गर्नुभयो ।

वि.सं. २००९ साल आषाढ पूर्णिमाको दिनमा यस विहारका कार्यक्रम सुचारु रूपले सञ्चालन गर्न "पुन्हीगुठि" (वर्तमान *"सुगतपुर विहार दायक परिषद्")* र त्रिशुलीमा सबै बुद्धधर्मावलम्बीहरूको धार्मिक कार्यक्रम सञ्चालन गर्न गुंला लाग्ने परेवाको दिन "सुगत बौद्ध मण्डल" नामकको संस्था स्थापना भयो । श्री संघरत्न शाक्य उक्त दायक परिषद्को अध्यक्ष र सुगत बौद्ध मण्डलको कोषाध्यक्ष पदमा रही आजीवन सेवा गर्नुभयो ।

विहारमा १४ वटा कोठा अलग अलग ध्यान गर्न मिल्ने गरी ध्यानागार निर्माण हुँदा पनि एउटा कोठाको खर्च आफैले ब्यहोरी ध्यानागारको दाता हुनुभएको थियो । सो ध्यानागार बर्माका महासी स्मृतिप्रस्थान ध्यानकेन्द्रका ऊ. सुन्दर महास्थविरद्वारा १० दिनको विपश्यना शिविर राखी ध्यानागार समुद्घाटन गरी संघदान सम्पन्न गराउनु भएको थियो ।

त्यस्तै थाइलैण्डका राजगुरु एवं वर्तमान संघराज सोमदेत् फ्रा. ज्ञाणसंवर महास्थविरको ७३ औं जन्मोत्सवको उपलक्ष्यमा नेपालका ७३ जना शाक्य कुलपुत्रहरू नगरमण्डप श्रीकीर्ति विहारमा प्रव्रज्या गर्ने कार्यक्रम हुँदा पनि त्रिशुली सुगतपुर विहारको तर्फबाट ६ जवान प्रव्रजित हुनुभएकोमा उहाँ भन्दा जेठो एकजना मात्र भएको हुनाले दोस्रो व्यक्ति भई प्रव्रज्या ग्रहण गर्नुभएको थियो ।

वृद्धावस्थामा हुने भीमरथारोहण *(ज्याःजंकु)* र १००० पूर्णचन्द्र दर्शन पाएको *(दोस्रो)* जंकुको अभिषेक सकिएपछि आफ्ना सात भाई छोराहरूलाई आ-आफ्ना व्यवहार स्वतन्त्र रूपले चलाउन भिन्न राखिसकेको हुँदा आफू पनि त्रिशुलीमा भन्दा पाटनको कुलघर भ्रुतापोलमा नै धेरै बस्नु भई आफ्नो समय पूजा पाठ एवं जप



Downloaded from http://www.dhamma.digital

ध्यानमा लगाई आरामसाथ बस्नुभएको थियो । क्रमशः स्वास्थ्य कमजोर हुँदै नेपाल सम्वत् ११११० फाल्गुण २८ गतेका दिन बिहान ५ बजे आफ्नो नश्वर शरीर त्याग गरी दिवंगत हुनुभयो ।
**"अनिच्चावत संखारा"**

दिवंगत संघरत्न शाक्य उपासकको सुगतपुर विहारको दाहिने तर्फ एउटा देशना हल बनाउने अभिलाषा थियो र केही काठ ईटा र ढुंगाहरू जम्मा गरी राख्नुभएको थियो । परन्तु आफ्नो जीवनकालमा पूरा गर्न सक्नु भएन । तसर्थ सो देशनाहल बनाउनुको लागि भिक्षु मेधंकर स्थविरको दिवंगतोपरान्त उहाँको संकलित रु. १५३९०।– र तीर्थयात्राको बचत रु. ७८००।– पनि समावेश गराई नपुग सम्पूर्ण रकम उहाँको जेष्ठ सुपुत्र ललितपुर उपमहानगरपालिकाका पूर्व नगर प्रमुख श्री बेखारत्न शाक्यले ब्यहोरी आफ्ना दिवंगत पिता श्री संघरत्न शाक्य तथा जन्मदाता आमा श्रीमती बेखामाया शाक्यको मनोकामना पूर्ण गर्नुभई उहाँहरूको निर्वाण प्राप्तिको कामना गरी भिक्षुसंघमा प्रदान गरी दिनुभयो ।

प्रस्तुत "**अजातशत्रु**" पुस्तकको प्रथम संस्करण २०४६ सालमा आफ्ना पिता संघरत्न शाक्यको पुण्यस्मृतिमा प्रकाशन गर्नु भएको थियो । तर अहिले अप्राप्य भैसकेको हुनाले पुनः यस पटक दोस्रो संस्करण गरी उहाँले नै आफ्ना आमा र बुबाको पुण्यस्मृति प्रकाश गर्नुभएको छ । उहाँको यस्तो श्रद्धा बढ्दै जाओस् भनी शुभकामना व्यक्त गर्दै यो छोटो परिचय टुंग्याउँछु ।

भवतु सब्ब मङ्गलं !

शंखमूल चोक, नयाँ बानेश्वर
वि.सं. २०५८ श्रावण ३२ गते
बृहस्पतिबार ।

उहाँको नाती
**धर्मरत्न शाक्य "त्रिशुली"**
( दिवंगत )



Downloaded from http://www.dhamma.digital

# साधुवाद

अजातशत्रु पुस्तिका मूल पालि त्रिपिटक र पालि वाङ्गमयमा आधारित बुद्धकालीन राजनैतिक सामाजिक र धार्मिक इतिवृत्तको एक दृष्ट-अंश हो। आचार्य भिक्षु अमृतानन्द महास्थविरको बुद्धकालीन राजपरिवार दोस्रो भागमा संगृहीत एक राजचरित्र हो।

त्यसबेला गणतन्त्रात्मक स्वतन्त्र स-साना राज्यहरू क्रमशः शक्तिशाली हुँदै आएका राजतन्त्रात्मक राज्यहरूमा विलुप्त हुँदै गएका थिए। मगधले अंग-मगध राज्य भनी रहनु पर्ने स्थितिमा जन्मेका अजातशत्रुले मगध राज्य भन्न सक्ने स्थितिमा पुऱ्यायो र कोशल राज्यसम्म पनि मगधमा मिलाउने प्रयास गऱ्यो, जुन कोशलराज्यले कि काशीलाई आफूमा मिलाई सक्यो र राजतन्त्रात्मक पद्धति-संस्कारमा हुर्कि रहेको गणतन्त्र शाक्य राज्य कपिलवस्तुमा पनि विस्तारै प्रभुत्व फैलाउँदै गएको थियो। सर्वाधिक शक्तिशाली वज्जी गणतन्त्रलाई अजातशत्रुले तहस-नहश गऱ्यो। राजनैतिक स्वार्थका लागि छोरी बेटीको गठ-बन्धन प्रयोग हिजो जस्तो थियो, आज पनि त्यस्तै छ। त्यस बेला भ्रूण हत्या भनेको जम्बुद्वीपिय ठूलो निन्दाको विषय हुने र त्यो काम कत्तिको कठिन छ भन्ने कुरा अजातशत्रुको गर्भावस्थाको प्रसंगबाट स्पष्ट हुन्छ। त्यस बेला नदी किनारा र जंगलमा नगर र निगम स्थापित गर्ने कुरा पुरुषार्थको प्रसंग हो। आजको हाम्रो युग गर्भपतन कानूनी मान्यताको र पर्यावरणको संतुलनका लागि बृक्षारोपन उत्सव र पानी प्रशोधन प्रयाशको युग हो। त्यही सामाजिक र धार्मिक मान्यताको परिवर्तनको ज्ञान हामीलाई इतिहासबाट दिइन्छ।



Downloaded from http://www.dhamma.digital

मानिसको मनको कथा भने संधै त्यस्तै त्यस्तै हुन्छ । राजा बिम्बिसारको स्वसन्तान स्नेहकथा, त्यस्तै छोराबाट आफूलाई राज्यच्यूत भएर राजदरबारमा नै बन्दी बनाए तापनि बुद्धको गुण स्मरण गर्दै शान्त मनको कथा हामीले राम्ररी पढ्नै पर्छ । अनि मात्रै आजको संक्लिष्ट जटील र कुटिल जगतमा हामी पनि केही शान्तमय जीवन पाउन सक्दछौं । "म" भन्ने अहंमा चुर्लुम्म डुबेर बुद्धको शरणमा गई बुद्धकै प्रतिस्पर्धी भई, हुँदाहुँदै बुद्धलाई नै संघैको लागि हटाउन ढुंगोले हान्ने अनि अजातशत्रुलाई राज्यशासनको लागि पूरा अन्धो बनाउने देवदत्तको कथा वास्तवमा नाम प्रेमको मनुज-प्रवृतिकै अन्तिम परिणति कथा हो ।

पितृहत्या पछि राजा अजातशत्रुको मनको परिताप र आशंका कुशल चित्तका लागि निमित्त कारण बन्यो । बुद्धको शरणमा पुग्न सम्म पनि संकोच भएको राजा अजातशत्रु बुद्धधर्मको संगायन सहयोगी भयो । बुद्धको पवित्र शरीरावशेष अस्थिधातु संरक्षणकर्ता हुन पुग्यो । मानव जीवनको अथवा मानस-प्रवृत्तिको उतार-चढाउको यो कथा पढ्न लायक छ ।

त्रिशुली बजारमा सुनको गहना बनाउने आफ्नो कुल व्यवसायका साथ आफ्नो शाक्यकूल अनुरूप शाक्यमुनि बुद्धको विहार बनाउने र बुद्धका श्रावक-श्राविकाहरूको चतुर्प्रत्यय सेवा गर्ने दिवंगत संघरत्न शाक्य र गजरत्न शाक्य परिवारबाट म चिर परिचित छु । केही दशक पछि श्री बेखारत्न शाक्य राजनैतिक कारणबाट स्वनिर्वासित हुन बाध्य भएकोले हंगकंगमा जान परेको थियो । त्यहाँ स्वव्यवसायबाट इमान्दारपूर्ण प्रतिष्ठित जीवन ३० वर्षसम्म बिताउनु भयो । हंगकंग जस्तो व्यापारिक केन्द्र अझ छ डलरको बस्तु छः शय डलरसम्ममा बेच्न पनि रतिभर नहिचकचाउने द्रव्यपिशाचहरू पनि भएको ठाउँमा बसेर पनि



Downloaded from http://www.dhamma.digital

श्री बेखारत्न शाक्यले शाक्यमुनि बुद्धको उपदेश बिर्सिनु भएन । नेपाली भिक्षुहरूलाई मात्रै होइन अरु स्वजन-परिजन नेपालीहरूलाई पनि दान र सहयोग विशेषतः उचित मूल्यमा हंगकंग बजारबाट सामान सौगात किन्न सहयोग गर्नु हुन्थ्यो । यही शुद्ध सहयोग स्वभावमा स्वदेश फर्केपछि ललितपुर उपमहानगरपालिकाका मेयर हुँदासम्म कुशल चित्तको उत्पादन निरन्तरता कायमै रहेको छ । ललितपुर नगर-प्रखुम भएको केही दिन पछि नै उहाँ नगर मण्डप श्रीकीर्ति विहारमा आउनु भएको थियो । मैले त्यसबेला भनेको थिएँ – चाकडी, चुकुली, चापलुसी, छल, कपट र झेलका छः शास्त्रले जेकडिन्दै आएको प्रभावयुक्त नेपालको प्रशासन व्यवस्थामा शुद्ध स्वच्छ शाक्यमुनि बुद्धकुलको शाक्य वंश र शाक्य धर्म कायम गर्नु सजिलो हुँदैन ।

श्री बेखारत्न शाक्यले आफ्नो दिवंगत पिता संघरत्न शाक्य र उहाँकी पूजनीया माता बेखामाया शाक्यको पुण्य स्मृतिमा निर्वाण कामनार्थ दोस्रो पटक यो पुस्तक धम्मदान रूपमा प्रकाशित गर्नु भएको छ । यो उल्लेख्य छोटो **"अतिजातपुत्र"** को आदर्श अनुरूप साधुवादको विषय हो ।

Dhamma.Digital

नगरमण्डप श्रीकीर्ति विहार
कीर्तिपुर नगरपालिका – १७ — **– भिक्षु सुदर्शन महास्थविर**
कीर्तिपुर । — ( दिवंगत )
३०/३/२०५८



Downloaded from http://www.dhamma.digital

# दुई शब्द

भगवान् बुद्धले प्रतिपादन गर्नुभएको विश्व कल्याणको दार्शनिक यात्रामा तत्कालीन राजगृह भारतको प्रसिद्ध राजधानी थियो र राजा बिम्बिसार राजगृहको तत्कालीन राजा थियो ।

नेपाल अधिराज्यको पश्चिमी क्षेत्रमा रहेको शाक्य गणराज्यको प्रमुख केन्द्र कपिलवस्तुका राजा शुद्धोदन शाक्यका सुपुत्रका रूपमा जन्म लिनु भएका राजकुमार सिद्धार्थ कोलीय राजकुमारी महामाया देवीको कोखबाट इ.पू. २५२६ वर्ष अगाडि शाक्य र कोलीयहरूको साझा सुन्दर उपबन लुम्बिनीमा बैशाख पूर्णिमाका दिन जन्मनु भएको थियो ।

देवदहका कोलीय राजा सप्रबुद्धकी सुपुत्री राजकुमारी यशोधरासँग विवाह गरी आफू २९ वर्षमा एउटा कुप्रेको बुढो, पीडाले रोइरहेका एउटा रोगी, श्मशानतिर लगिँदै गरेको एउटा मृतक देखेपछि जीवनको आध्यात्मिक संवेगले निकै प्रभावित पारेपछि र कपिलवस्तुकै भग्गव ऋषिको सादा जीवनदेखि ज्यादै प्रभावित भई राजकुमार सिद्धार्थले जीवनका यी समस्याहरूबाट मुक्त हुने ज्ञानका खोजीमा आषाढ पूर्णिमाको मध्यरातमा राजप्रासादबाट महाभिनिष्क्रमण गर्नुभई तत्कालीन आध्यात्मिक तथा दार्शनिक जिज्ञासा र अनुसन्धानको केन्द्र रहेको राजगृह पुग्नु भएको थियो । राजगृहतिर जाँदै गरेको बेलामा सिद्धार्थ कुमारले केही मानिसहरू बोकाहरूको एक बथानलाई लिई राजगृहतिर जाँदै गरेको बेलामा सिद्धार्थ कुमारको दृष्टिमा एउटा सानोपाठो खुट्टा घिसार्दै वेदनाको करुण चित्कार निकाली अगाडि बढ्दै गएको दृश्य पऱ्यो । सिद्धार्थ कुमारलाई विचरा पाठोको दुःख दर्ददेखि साऱ्है दुःख लाग्यो र करुणाले भिजिएको हृदयले सिद्धार्थ राजकुमारले सो पाठोलाई आफ्नो काँढमा बोकी राजगृहतिर अघि बढ्नु भयो । यी बोकाहरूलाई दोऱ्याउँदै लगिरहेका मानिसहरूसँग कुराकानी गर्दा यी बोकाहरू राजगृहका राजा बिम्बिसारले आयोजना गरेको ठूलो यज्ञमा बलिको रूपमा काटिने कुरा थाहा पाउनु भयो । सिद्धार्थ कुमारको मनमा कुरा खेल्न थाल्यो । यी निरपराध, निर्बल, निर्दोषी प्राणीहरूको हत्याले कसैलाई कसरी कल्याण होला !



Downloaded from http://www.dhamma.digital

यही विचार लिएर राजकुमार सिद्धार्थले यी प्रश्नहरू मूल पुरोहितसँग सोधेपछि राजा बिम्बिसारको आदेशानुसार यो यज्ञ आयोजित भएकोले राजा बिम्बिसारसितै यी प्रश्नहरूको जवाफ माग्ने सल्लाह पाइएअनुसार सिद्धार्थ कुमारले राजा बिम्बिसारसँग सिद्धार्थ कुमारले प्रश्न गर्नुभयो ।

महाराज बिम्बिसार । यी निर्दोषी, निरपराधी, निर्बल प्राणीहरूको बलिदान दिई गर्नु भएको यो यज्ञले कसरी जनताका कल्याण हुन्छ ? यज्ञहरू जनकल्याणको निम्ति गरिने परम्परा कसरी श्रृष्टि गरिए ? राजा बिम्बिसार आफ्नो सम्मुख एक दिव्य व्यक्ति भएको एक योगीका यी प्रश्न सुनी एक छिन अलमलिनु भयो र भन्नुभयो, "हो, सन्यासी, जनकल्याणको निम्ति, राज्यको सुदृढीकरणको निमित यस्तो योग्यहरू गरिनुपर्छ भनी ब्राह्मण पण्डितहरूले भनेका हुन् ।"

"तर, महाराज !" सिद्धार्थ राजकुमारले फेरि आफ्नो विचार राजाको सामु प्रस्तुत गर्दै भन्नुभयो, "यी निरपराध पशुहरूको हत्याले सर्वप्रथम उनीहरूप्रति अन्याय भयो । महाराजको बाँच्ने अधिकार छ भने उनीहरूको बाँच्ने अधिकार पनि देशका रक्षक राजाद्वारा सुरक्षित हुनु पर्ने, अनि ईश्वरले यिनीहरूलाई पनि श्रृष्टि गरेको भए आफ्नै छोराछोरीहरूको हत्या ईश्वरले कसरी देख्न सक्नु होला ? सबभन्दा महत्वपूर्ण कुरा त राजाले आफ्नो राज्यका दीन दुःखी प्राणीहरूको रक्षा गर्नु पर्नेमा राजाज्ञाबाट यी निरपराधी प्राणीहरूको क्रूरतापूर्वक हत्या गरी काल्पनिक ईश्वरलाई खुशी तुल्याउने भन्ने राजाका धारणा निर्दयी, क्रूर र अमानवीय धारणा मात्र हो ।"

सिद्धार्थ राजकुमारको यी करुणामयी विचार सुनेर राजा बिम्बिसार साह्रै प्रभावित हुनुभयो र सिद्धार्थ कुमारको परिचय पाउनु भएपछि राजकुमार सिद्धार्थबाट निजको महाभिनिष्क्रमणका महान् उद्देश्य थाहा पाउनु भई बुद्धत्व प्राप्त गर्नु भएपछि सिद्धार्थ गौतमबाट धर्मदेशना सुन्ने इच्छा प्रकट गर्नु भई आइन्दा यस्ता यज्ञहरू कहिल्यै नगर्ने अठोट गरी सो यज्ञ बन्द गर्न लगाउनु भयो ।



Downloaded from http://www.dhamma.digital

सिद्धार्थ कुमारले सम्यक्सम्बुद्धत्व प्राप्त गरी राजगृह पाल्नुभएपछि तत्कालीन प्रसिद्ध योगीहरू उरुवेल काश्यप, नदी काश्यप र गया काश्यपहरूलाई सबभन्दा पहिले आफ्नो अद्वितीय धर्मोपदेशद्वारा आफ्ना चेला बनाई यी तीनै वैदिक ऋषिहरूका १००० जना चेलाहरूसहित राजगृह आइपुग्दा राजा बिम्बिसारलाई ऋषिहरूले सिद्धार्थ कुमारलाई आफ्नो चेला बनाएको हो कि सिद्धार्थ कुमारले उनीहरूलाई चेला बनाएको भन्ने सन्देह भइरहेको बेलामा यी तीन ऋषिहरूसहित एक हजार चेलाहरूले भगवान् बुद्ध संघ, त्रिरत्न शरणमा गई प्रवज्या मागिरहेको देखि राजा बिम्बिसार सान्है खुसी हुनुभई आफू पनि बुद्ध, धर्म र संघका शरणमा जानु भई भगवान् बुद्धलाई वेणुवन महाविहार दान दिनु भई बुद्धको महाअभियानमा संघलाई विहार दान दिने पहिलो राजा हुनुभयो ।

यसरी भगवान् बुद्धको उपदेशबाट प्रभावित भई उपासकको जीवन बिताउनु भए पनि राजा बिम्बिसार आफ्नै छोरा अजातशत्रुबाट क्रूरतापूर्वक मारिनु पऱ्यो ।

भगवान् बुद्धको यथार्थवादी तर्कयुक्त, आफैले बुझी शील, समाधी र प्रज्ञाद्वारा आफ्नो र अर्काको कल्याण गर्ने सिद्धान्तको प्रतिपादनमा सर्वप्रथम अग्रसर हुनु भएका राजा बिम्बिसारको जीवनी सरल भाषामा स्व. अमृतानन्द महास्थविरबाट लिखित **अजातशत्रु** नामक पुस्तक आफ्नो प्रातः स्मरणीय पिता संघरत्न शाक्य र माता बेखामाया शाक्यको स्मृतिमा द्वितीयबार प्रकाशित गर्नु भएकोमा श्री बेखारत्न शाक्य *(पूर्व नगर प्रमुख, ललितपुर उपमहानगरपालिका)* लाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

भवतु सब्ब मंगलम् !

**सूनयश्री मिश्र संस्कारित**
यम्पि महाविहार
ललितपुर ।

**प्रा. आशाराम शाक्य** ( दिवंगत )
अध्यक्ष, ल.पु. बुद्ध जयन्ती कोष समिति ।
अध्यक्ष, ल.पु. बौद्ध विहार संघ ।



Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

मेरा प्रातःस्मरणीय पिताज्यू श्री संघरत्न शाक्यको दिवंगतपछि ४५ औं दिन दान दिने अभिप्रायले श्रद्धेय आचार्य डा. अमृतानन्द महानायक महास्थविरज्यूलाई अनुरोध गरी यो पुस्तिका २०४६ सालमा प्रकासित गरेको थिएँ । त्यसबेला बुद्धकालीन ग्रन्थका प्रणेता आचार्य अमृतानन्द महास्थविरज्यूले मेरो अनुरोधलाई स्वीकार गर्नुभई केही दिन भित्रै आफ्नो अमूल्य समय दिई यो पुस्तिका लेखी दिनु भएको थियो । तसर्थ उहाँप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

आजभन्दा १२ वर्ष पहिले प्रकाशित यो पुस्तक अहिले उपलब्ध नभएको र आदरणीय पाठक वर्गबाट पनि माग हुनका साथै समय सापेक्ष देखिएकोले मैले यो पुस्तकको दोस्रो संस्करण प्रकाशमा ल्याएको छु ।

भगवान् बुद्धको समयमा राजा बिम्बिसारका राज्यकालमा देवदत्तको कुसंगत र कुसल्लाहबाट राजकुमार अजातशत्रुले आफ्ना पितालाई सत्ताच्यूत मात्र नगरी हत्या समेत गर्न पुगे । आखिरमा आफ्नो पापको प्रायश्चित गर्दै राजा अजातशत्रुले भगवान् बुद्धको शरण लिन बाध्य भए । पृथक्जनमध्ये बुद्धप्रति श्रद्धावान् हुने राजा अजातशत्रु बुद्धको परिनिर्वाणपछि संगायनमा इतिहासमै अवस्मिरणीय सहयोग दिए । र भगवान् बुद्धको अस्थिधातुको संरक्षण पनि गरिदिए ।

मनुष्य प्राणीमध्ये बुद्धि, विवेकशील भएको प्राणी हो । कुसंगत र कुसल्लाहले मानिसको विवेक बुद्धिहीन हुने कुराको शिक्षा यो पुस्तिकाबाट प्राप्त गर्न सकिन्छ । आफूलाई आफैले नचिन्ने, प्रत्येक सम्प्रदायको बीचमा बेमनस्यता, वैरभाव, हिंसा, अत्याचार र 'म' भन्ने भावना मात्र बढिरहेको समयमा यो पुस्तिकाबाट पाठकलाई केही मार्गदर्शन मिल्ने नै छ भन्ने आशा गर्दछु ।



Downloaded from http://www.dhamma.digital

यो पुस्तकमा केही चित्रहरू सजाउने विचार भएको हुँदा मेरो अनुरोधमा श्रद्धेय शोभन भन्तेले अल्प समयमै केही चित्रहरू बनाई सहयोग गरिदिनु भएकोमा उहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु । हाम्रा आदरणीय प्रसिद्ध विद्वान दाज्यू प्रा. आशाराज शाक्यज्यूले लेख्नुभएको दुई शब्दबाट यस पुस्तकको महत्व अझ बढ्न गई सुनमा सुगन्धको काम भएको म ठान्दछु तसर्थ उहाँ दाज्यूप्रति म सभक्ति कृतज्ञता प्रकट गर्दछु । साथै यो दोस्रो संस्करण सम्पादन गर्ने क्रममा आदरणीय बौद्ध विद्वान श्री दुण्डबहादुर वज्राचार्यज्यूले परिश्रम गर्नु भई सहयोग गरिदिनु भएकोमा उहाँप्रति म ज्यादै नै आभारी छु ।

मेरो भतिजा बौद्ध विद्वान् धर्मरत्न शाक्य 'त्रिशुली'लाई मेरा परमपूज्य पिताज्यूको संक्षिप्त जीवनी लेखी सहयोग गरिदिनु भएकोमा उहाँलाई धन्यवाद नदिइ रहन सक्तिन ।

यो दोस्रो संस्करणको प्रकाशनको स्वीकृति दिनु हुने आनन्दकुटी विहारका प्रमुख श्रद्धेय कुमार काश्यपज्यूप्रति आभारी छु । त्यस्तै तेस्रो संस्करणको प्रकाशनमा प्रेससम्बन्धी सहयोग गरिदिनु हुने भिक्षु कोण्डन्यज्यूमा पनि आभारी छु । यसका साथै चतुर्थ प्रकाशन सम्बन्धी केही कुरा लेख्नुहुने कोण्डन्य भन्ते र न्यू नेपाल प्रेस परिवारलाई धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा मलाई शिक्षा, दीक्षा दिई सत्मार्गमा लगाई सद्धर्म प्रति आस्थावान् गराउने मेरा दिवंगत माता बेखामाया शाक्य र पिता संघरत्न शाक्यज्यूको निर्वाण प्राप्तिको लागि कामना गर्दछु ।

**"सब्ब दानं धम्म दानं जिनाति"** भन्ने बुद्धवचनअनुसार विज्ञ पाठकवर्गमा पुगेको यो पुस्तकबाट सद्धर्म लाभ गर्नु हुनेछ भन्ने आशा गर्दछु ।

मिति : २०६८/४/७

**बेखारत्न शाक्य**
पूर्व मेयर
ललितपुर उपमहानगरपालिका
झम्सीखेल, सानेपा, ललितपुर ।



Downloaded from http://www.dhamma.digital

# चतुर्थ प्रकाशनका सम्बन्धमा केही शब्द

नेपालको बुद्धशासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ५० वर्षदेखि सञ्चालिन नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ट देन सर्वविदितै छ। यसको श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनुभएका नेपाल बौद्ध परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशन र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई जान्छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापकरूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित गरिदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली निर्माण भई पाठ्यक्रम निर्माणमा निरन्तर प्रयास भइरहेका छ। यसैअन्तर्गत नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समितिद्वारा बु.सं. २५४६ देखि स्वीकृत परियत्ति सद्धम्म पालकको उपाधि परीक्षाको चतुर्थ पत्रको लागि आवश्यक पाठ्यपुस्तक श्रद्धालु उपासक बेखारत्न शाक्यको श्रद्धानुसार "**अजातशत्रु**" प्रकाशित हुनु "**धम्मपीति**" को विषय हो। बुद्धशासनको उत्तरोत्तर विकासका लागि सांघिक जीवन पद्धत्तिको विकास एवं धर्मानुकुल बुद्धशिक्षालाई प्रणालीबद्ध रूपमा अगाडि बढाउनुपर्छ भन्ने सोच राख्नुहुने यस पुस्तकका प्रकाशक दाता उपासक बेखारत्न शाक्यसंग उहाँबाटै भएको दुतीय प्रकाशनका पुस्तकसम्बन्धी शोधनी हुँदा तुरुन्तै तृतीय प्रकाशन पनि आफैंले गरिदिने वचन दिनुभएअनुरूप तृतीय प्रकाशन अप्राप्य भई आज पुनः चतुर्थ प्रकाशन हुनु सबैका लागि सुखकर विषय भएको छ, यसका लागि दाता उपासकलाई हार्दिक साधुवाद एवं उहाँबाट अन्य प्रकाशनका लागि यसरी नै सहयोग प्राप्तहुँदै जानेछ भन्ने विश्वास लिएको छु।

नेपालको बुद्धशासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको आफ्नै विशेषता र देन रहेको कुरा



Downloaded from http://www.dhamma.digital

स्पष्ट हुँदैआएको छ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तनहरू उत्तरोत्तर उन्नति-प्रगति गरिँदै यसलाई व्यवस्थित ढङ्गले अगाडि बढाई शिक्षा प्रणालीअनुरूप वैज्ञानिकीकरण गरिँदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिँदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध स्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्नसक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनुपरेको छ। परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिँदै लानुपर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिङ्गो पुस्तक नेपाली भाषामा उपलब्ध गराउने कार्य भैसकेको छ। आवश्यक एक पत्रको एक अंश प्रस्तुत पाठ्य-पुस्तक आज उपासक बेखारत्न शाक्यको श्रद्धानुरूप धर्मदानको रूपमा भएको पुनः प्रकाशनका लागि नेपाल बौद्ध प.शि. पाठ्यक्रम विकास समितिले ससाधुवाद स्वागत गर्नेनै छ भन्ने विश्वासकासाथ उहाँबाट यसरी नै बुद्धशासनिक प्रकाशनमा निरन्तररूपमा सहयोग हुँदै जानसकोस् भन्ने कामना गर्दछु। साधुवाद!

बुद्ध विहार भृकुटीमण्डप,<br>काठमाडौं<br>३२ श्रावण, बु.सं. २५५५

**- कोण्डन्य**<br>संयोजक, नेपाल तिपिटक अनुवाद

Nepal Tipitaka Translation Board, Nepal
वीरपूर्ण पुस्तक संग्रहालय
गाःबहाल, ललितपुर



Downloaded from http://www.dhamma.digital

# विषय सूची


| | | |
|---|---|---|
| १) | नामकरण | १ |
| २) | बाल्य अवस्था | ५ |
| ३) | देवदत्तसँगको भेटघाट | ८ |
| ४) | पितृ हत्या | १० |
| ५) | कोशल राजासँग युद्ध | १५ |
| ६) | पितृ हत्यापछिको क्रियाकलाप | १९ |
| ७) | देवदत्तलाई सहयोग | २२ |
| ८) | पितृहत्याको मानसिक अशान्ति | २४ |
| ९) | बुद्धकहाँ जाने इच्छा | २८ |
| १०) | बुद्धकहाँ गए | ३३ |
| ११) | उपासकत्व ग्रहण | ४२ |
| १२) | विविध पक्ष | ४४ |
| १३) | धातृ पूजा र स्तूप निर्माण | ५१ |
| १४) | धर्मसङ्गायनमा मद्दत | ५६ |


Downloaded from http://www.dhamma.digital

# संक्षिप्त शब्दको अर्थ

| | | |
|---|---|---|
| अ.क. | = | अर्थकथा |
| अं.नि. | = | सूत्रपिटकको अंगुत्तरनिकाय । 'नि' सँग राखिएको अं.को अर्थ निपात भनिएको हो । |
| अं.नि.अ.क. | = | अंगुत्तर निकायको अर्थकथा । |
| इति.वु.अ.क. | = | इतिवुत्तक भन्ने ग्रन्थको अर्थकथा । |
| गा.नं. | = | गाथाको नम्बर |
| जा.अ.क. | = | जातक भन्ने ग्रन्थको अर्थकथा । जा.अ.क. I-II भनी लेखिएको मतलब जातक अर्थकथाको भाग भनिएको हो । |
| धम्म.प.अ.क. | = | धम्मपद भन्ने ग्रन्थको अर्थकथा हो । यहाँ मैले प्रयोग गरेको धम्म.प.अ.क. बुद्धदत्त महास्थविर संशोधित । बु.व. २४९९ |
| दी.नि.अ.क. | = | दीघनिकाय भन्ने ग्रन्थको अर्थकथा । नालन्दा प्रकाशन । |
| पपं. सू. | = | पपञ्चसूदनी भन्ने मज्झिमनिकायको अर्थकथा । हेवावितारण प्रकाशन, श्रीलङ्का । |
| पेत.व.अ.क. | = | पेतवत्थु भन्ने ग्रन्थको अर्थकथा । |
| बु.गृ. | = | लेखकको बुद्धकालीन गृहस्थीहरू । |
| बु.प्रे. | = | लेखकको बुद्धकालीन प्रेतकथा । |
| बु.ब्रा. | = | लेखकको बुद्धकालीन ब्राह्मण । |
| बु.म. | = | लेखकको बुद्धकालीन महिलाहरू । |
| बु.रा. | = | लेखकको बुद्धकालीन राजपरिवार । |
| बु.श्रा.च. | = | लेखकको बुद्धकालीन श्रावक चरित । |
| म.नि. | = | सूत्रपिटकको मज्झिमनिकाय । नालन्दा प्रकाशन । |
| महा.वं.टी. | = | महावंस टीका । नालन्दा प्रकाशन । |
| सं.नि.अ.क. | = | संयुत्तनिकाय भन्ने ग्रन्थको अर्थकथा । हेवावितारण प्रकाशन, श्रीलङ्का । |
| सम.पा. | = | समन्तपासादिका भन्ने विनयपिटकको अर्थकथा । नालन्दा प्रकाशन । |
| D.P.P. | = | Dictionary of Pali Proper Names by Dr. G.P. Malalasekara, London. |

उपरोक्त सबै ग्रन्थहरू सहायक ग्रन्थहरू हुन् ।

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# अजातशत्रु

## नामकरण

कोशल राज्यका महाकोशल राजाकी छोरी प्रसेनजित् कोशलकी बहिनी कोशलदेवीसँग[1] अङ्ग-मगध देशका राजा बिम्बिसारको विवाह भएको थियो । आफ्नी छोरी कोशलदेवीको लागि महाकोशल राजाले दुई राज्यको बीचमा पर्ने एकलाख आम्दानी हुने 'काशी' भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए[2] । यिनीहरूकै छोराको नाउँ अजातशत्रु हो ।

किन यिनलाई अजातशत्रु भनिएको हो भने –

कोशलदेवी गर्भिणी भएको बेला उनको मनमा आफ्ना पति बिम्बिसार राजाको दाहिने हातको रगत पिउने सारै इच्छा भएको थियो । यो कुरा कसैलाई बताउन सकिन्न भन्ने विचारले यो इच्छा मनमै राखी बसिरहँदा उनी क्रमशः दुब्लाउँदै गइन्[3] । एकदिन परिचारिकाहरूले दुब्लाउँदै गएको बारेमा सोध्दा देवीले आफूमा पैदा भइरहेको इच्छा सुनाइन्[4] । राजाले पनि "भद्रे ! तिम्रो रूपवर्ण अघि जस्तो देखिन्न, के कारण हो ?" भनी सोध्दा देवीले "महाराज ! यो कुरा म भन्न सक्दिन" भनी भनिन् ।

Downloaded from http://www.dhamma.digital



राजा बिम्बिसारको शुभ विवाह राजा प्रसेनजितकी बहिनी कोशलदेवीसित ।

"भद्रे ! यदि आफ्नो मनको कुरा मलाई भन्न सक्दिनौ भने कसलाई भन्छयौ त ?" भनी कर गरी बताउन लगाए । यो सुनी राजाले "मूर्ख ! यसमा तिम्रो के बिग्रिन्छ र[५] ! भनी राजाले जोतिषीहरूलाई बोलाउन पठाई "देवीको यस्तो इच्छा भएको छ । यसको के अर्थ हो ?" भनी सोध्दा जोतिषीहरूले "देवीको गर्भमा बसेको बालक राजाको शत्रु हुनेछ र तपाईंको हत्यागरी राज्य लिनेछ" भनी भने[६] । अनि राजाले "यदि मेरो छोराले मलाई मारेर राज्य लियो भने यसमा के दोष छ त !" भनी एकजना वैद्यलाई बोलाई सुनको छुराद्वारा आफ्नो बाहु चिराई सुनको भाँडामा रगत राखी त्यसमा पानी मिसाई देवीको इच्छा पूरा हुने गरी

Downloaded from http://www.dhamma.digital

पिलाए[७] । जोतिषीहरूको भविष्यवाणी सुनी देवीले यस्तो सोचिन् – "यदि मेरो गर्भबाट जन्मिने बालकले आफ्नो बाबुलाई मार्नेछ भने यस्तो बालक जन्माएर के गर्नु र !"



*राजा बिम्बिसारद्वारा आफ्नी गर्भवती प्यारी रानी कोशलदेवीलाई रगत पिलाउँदै ।*

Dhamma.Digital

यति सोचेर देवीले गर्भपात गर्ने विचार गरी दिनदिनै पेट मिच्न लगाउन थालिन् । तर गर्भपतन गराउन सकिनन् । यो कुरा बुझी राजाले "देवी ! तिम्रो गर्भमा छोरा वा छोरी छ भन्ने कुरा तिमीलाई थाहा छैन । आफूले जन्माउने बालकलाई यसरी पतन गर्‍यौ भने सारा जम्बुद्वीपमा हल्ला भई कुकीर्ति फैलिने छ । अतः तिमीले यस्तो नगर । मेरो पुत्रले मलाई मारेर राज्य लिन्छ भने लिन देऊ । म अजरामरण होइन । मलाई मेरो पुत्रको मुख हेर्न देऊ । अब उप्रान्त यस्तो काम नगर" भनी पालो राख्न लगाए । तर देवीको मनमा सारै चिन्ता लागेको थियो । कत्ति पनि मनमा सन्तोष थिएन । त्यसैले पुनः दिनदिनै गर्भपतन गर्नको लागि उद्यानमा गई देवीले पेट थिच्न लगाउँथिन् ।

Downloaded from http://www.dhamma.digital

दिनदिनै देवी उद्यान गइरहेको देखेर यसको खोजतलास गराउँदा उद्यानमा गई गर्भपतन गर्ने प्रयत्न गरिरहेको कुरा थाहा पाई त्यसपछि राजाले देवीलाई उद्यानमा जान रोक लगाइदिए । यसपछि देवीले “बालक जन्माउने बित्तिकै मार्नेछु” भन्ने विचार लिइन् । यस्तो सोच्दा सोच्दै उनले बालक जन्माइन् । त्यसबखत पालो बस्नेहरूले बालकलाई एकातिर लगिदिए । नामकरणको दिनमा “जन्मनुभन्दा अगाडिदेखि नै बाबुको शत्रु भएको र जन्मिसकेपछि पनि बाबुको शत्रु हुनेछ” भन्ने जोतिषीहरूको कुराको आधारमा ‘अजातशत्रु’ भन्ने नामाकरण गरे[८] । क्रमशः कुमार ठूलो हुँदै गयो र छोराको मुख देखेपछि स्नेह उत्पन्न भएको कारणले देवीले छोरालाई मार्न सकिनन्[९] ।



*जन्म नहुँदै आफ्नो बाबुको शत्रु संज्ञा पाएका कुमार अजातशत्रुको जन्म ।*

Downloaded from http://www.dhamma.digital


जुन उद्यानमा यी कोशलदेवीले आफ्नो गर्भपतन गराउन प्रयास गरेकी थिइन् त्यसै उद्यानको नाम नै 'मद्दकुच्छि' भन्ने रहन गयो भनी संयुत्तनिकायको सकलिक सूत्रवर्णनामा उल्लेख भएको पाइन्छ[१०] ।

# बाल्य अवस्था

छोराको मुख हेर्न पाएर बिम्बिसार राजा यति खुसी भएका थिए कि बुद्धको उपदेश सुन्न समेत मन जाँदैन थियो ।

एकदिन पाँचसय भिक्षुहरूका साथ भगवान् राजदरबारमा जानुभई बिछ्याइराखेको आसनमा बस्नुभयो । भगवान्सहित भिक्षुसङ्घलाई राजाले आफ्नै हातले प्रणीत खाद्य-भोज्य अर्पित गरे । अनि भोजन गराउने काम सिद्धिएपछि राजा एक छेउमा बसे । त्यसबखत प्रतिमण्डित बालक राजकुमार ल्याई राजालाई दिए । अनि पुत्र-स्नेहमा मुग्ध भएका राजाले बालकलाई काखमा राखी खेलाउन बसे । धर्मोपदेश सुन्नमा उतिसारो चासो दिएनन् । यो देखेर भगवान्ले "अघि अघिका राजाहरूले आफ्नो पुत्रमाथि आशङ्का गरी गोप्य ठाउँमा राखी हामी मरेपछि यिनलाई राज्यमा प्रतिष्ठित गर भनी भनेका थिए" भन्नुहुँदै थुसजातकका[११] कुरा सुनाउनु भयो ।

Downloaded from http://www.dhamma.digital



*पुत्र-स्नेहमा व्यस्त राजा बिम्बिसारले बुद्धको उपदेश सुन्नमा ध्यान दिएन ।*

अर्को एकदिन यस्तै अवस्थामा राजाले कहिले बालकलाई खेलाउने र कहिले धर्मोपदेश सुन्ने गरे । "यस बालकबाट राजालाई भय उत्पन्न हुनेछ" भन्ने कुरा बुझ्नु भई भगवान्ले "महाराज ! अघिका राजाले आशङ्का गर्नुपर्ने ठाउँमा आशङ्का गरी हामी मरेपछि राज्यमा राख्नू भनी बालकलाई अन्यत्र राख्न लगाएका थिए" भन्नुहुँदै मूसिकजातकका[१२] कुरा सुनाउनु भएको थियो ।

Downloaded from http://www.dhamma.digital

छोराप्रति राजा बिम्बिसारको कति गहिरो प्रेम थियो भने – एकदिन बालक अजातशत्रुको औंलामा खटिरा आयो । खटिरा दुखेकोले उनी सारै रोएका थिए । कसैले पनि फकाउन नसकेपछि रोइरहेको बालकलाई विनिश्चय *(न्यायालय सभा)* आसनमा बसिरहेका राजाकहाँ लगिदिए । राजाले उनलाई फकाउन थाले । यत्तिकैमा बालकले आफ्नो औंला राजाको मुखभित्र राखे । खटिरा राजाको मुखभित्रै फुट्यो । औंला झिक्दा बालक फेरि रोलान् भनी फुटेको खटिराको पीपसहितको रगत राजाले निलिदिए[१३] । यस्तो थियो राजाको पुत्र-स्नेह ।



*पुत्र-स्नेही पिता बालकको खटिरा पीप रगत सहितको औंला आफ्नो मुख भित्र चुस्दै ।*

Downloaded from http://www.dhamma.digital

राजगृह नगरमा अति धनाढय जोतीय भन्ने एक सेठ थिए । उनको श्रीसम्पत्तिको बयान सुनी बिम्बिसार राजा एकदिन उनीकहाँ हेर्न गएका थिए । त्यसबखत अजातशत्रु राजकुमार पनि बाबुको औंला समाती साथमा गएका थिए । ती जोतीय सेठको जुवाहारात युक्त साततले प्रासाद देखेर बालक राजकुमारको मनमा यस्तो लागेको थियो – "अहो ! मेरा पिता काठका घरमा बस्छन् । जहाँ कि यी जोतीय सेठ यस्तो सप्तरत्न युक्त प्रासादमा बस्छन् । म राजा भएपछि यिनलाई यो प्रासादमा बस्न दिने छैन[१४] ।

यी राजकुमार सानो उमेरमा आफ्ना बाबुसँग बुद्धकहाँ जान्थे भन्ने कुरा सुमङ्गलविलासिनीले [१५] उल्लेख गरेको छ । पछि उमेर बढ्दै गएपछि बिम्बिसार राजाले आफ्नो छोरालाई समयमै उपराजाको पदले पनि विभूषित गरेका थिए[१६] ।"

# देवदत्तसँगको भेटघाट

भगवान् बुद्ध कौशम्बीमा बसिरहनुभएको बेलामा श्रावकसहित बुद्धको निक्कै लाभसत्कार भएको थियो । त्यस समय हातमा माला आदि अनेक वस्तुहरू लिई मानिसहरू विहारमा गई "सारिपुत्र स्थविर कहाँ छन्, महामैद्गल्यायन स्थविर कहाँ छन्, महाकश्यप स्थविर कहाँ छन्, भद्दीय स्थविर कहाँ छन्, अनुरुद्ध स्थविर कहाँ छन्, आनन्द स्थविर कहाँ छन्, भगु स्थविर कहाँ छन् र किम्बिल स्थविर कहाँ छन् ?" भन्दै असीतिमहाश्रावकहरू[१७] बसेका ठाउँहरू खोज्दै मानिसहरू हिंड्दथे । तर देवदत्त स्थविर कहाँ छन् ? भन्ने कुरा चाहिँ कसैले पनि सोध्दैनथ्यो । यही कारणले गर्दा

Downloaded from http://www.dhamma.digital

देवदत्तको मनमा यस्तो लाग्यो – "म पनि यिनीहरूसँगै प्रव्रजित भएको हुँ । यिनीहरूजस्तै म पनि क्षत्री कुलबाट आएको हुँ । हातमा उपहार लिई मानिसहरू यिनीहरूको मात्र खोजि गर्छन् । मेरो नाम मात्र पनि कसैले लिंदैनन् । लाभसत्कार प्राप्तिको लागि अब मैले के गर्नुपर्ला र कसलाई खुसी पार्नुपर्ला ?" अनि उनले यस्तो सोचे – "यी बिम्बिसार राजाले भगवान्सँगको पहिलो भेटैमा एघार लाख मानिसहरूसँग स्रोतापत्तिफल प्राप्त गरेका हुन् । यिनीसँग मेलमिलाप हुन सक्नेछैन । कोशल राजासँग पनि मेलमिलाप हुन सक्नेछैन । यी राजाका छोरा अजातशत्रु अहिले तरुण छन् । यिनलाई कसैको गुणागुणको कुरा थाहा छैन । यिनैसँग एकसाथ हुनुपर्‍यो ।" यति सोचेर उनी कौशम्बीबाट राजगृह गई ऋद्धिबलद्वारा आफ्नो शरीरमा अनेक सर्पहरूको आभूषण लगाई अजातशत्रु बसेको ठाउँमा गए । यो देखेर अजातशत्रु राजकुमार डराएपछि उनले आफ्नो भिक्षुभाव देखाई आफू देवदत्त हुँ भनी चिनाए । यसबाट अजातशत्रु अत्यन्त प्रभावित भएका थिए[१८] । यसैको फलस्वरूप अजातशत्रु राजकुमार त्यहाँदेखि दिनको दुईपटक पाँचसय रथहरू लिई देवदत्तको उपस्थानको लागि जान थाले । यति मात्र होइन ५०० थाली पक्वान भोजनहरू पनि दिनदिनै पठाउन थाले[१९] ।

यति मात्र होइन देवदत्तको सत्कारको लागि अनेक धन खर्च गरी अजातशत्रुले गया गाउँको नजिकको गयाशीर्ष पर्वतमा विहार पनि बनाइदिएका थिए[२०] । यो गया गाउँको आसपासमा एक पोखरी र एक नदी पनि थियो । यो गयाशीर्ष पर्वतमा हात्तीको टाउकोजस्तै ढुङ्गाको एक चट्टान पनि थियो भनी संयुत्तनिकाय अर्थकथाले[२१] उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital



*ऋद्धिबलद्वारा आफ्नो शरीरमा सर्पहरूको आभूषण लगाई देवदत्त अजातशत्रुकहाँ गए ।*

## पितृ हत्या

जब देवदत्तको मनमा उनले भनेका कुरा अजातशत्रुले मान्ने छन् भन्ने पूर्ण विश्वास भयो तब एकदिन उनले अजातशत्रुलाई यस्तो कुरा सुनाए –

"हे कुमार ! आजकल मानिसहरूको आयु कम छ । कसलाई थाहा छ कि तपाईं राजकुमार छँदै मर्नुहुनेछ । अतः तपाईंले आफ्ना पितालाई हत्या गरी राजा हुनुहोस् । म बुद्धलाई हत्या गरी बुद्ध हुनेछु ।"

Downloaded from http://www.dhamma.digital

यो सुनेर अजातशत्रुको मनमा यस्तो लाग्यो – "देवदत्त बडो प्रभावशाली तथा ऋद्धिसम्पन्न व्यक्ति हुनुहुन्छ । उहाँले नजानेको कुरा केही छैन । अवश्य पनि उहाँले मेरो बारेमा केही कुरा जान्नुभएको होला[२२] ।"



*देवदत्तको कुमन्त्रणा राजकुमार अजातशत्रुलाई ।*

यति सोचेर देवदत्तको कुमन्त्रणबाट आफू प्रभावित भई अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजालाई हत्या गर्ने निश्चय गरे । अनि दिउँसै तिघ्रामा शस्त्र लुकाई राजाको खोपीमा गए । अब राजकुमार हडबडाई दिनको

Downloaded from http://www.dhamma.digital

समयमा राजाको खोपीभित्र गए तब उनलाई अङ्गरक्षकहरूले समाते । यस घटनापछि राजाले अजातशत्रुलाई नै राज्य सुम्पिदिए[२३] । अनि उनले "मेरो मनोरथ पूरा भयो" भनी देवदत्तलाई सुनाए । यो सुनेर देवदत्तले "तपाईं मुसालाई लुगाभित्र राखी खूब गरें भनी भन्नुहुन्छ । केहीदिन पछि तपाईंका पिताले आफूलाई गरेको अपमानलाई सम्झेर फेरि स्वयं राजा हुन सक्ने छन्" भनी भने ।

"भन्ते ! त्यसोभए कसो गर्नु पर्ला त ?"

"जरो उखेलेजस्तै गरी हत्या गर ।"

"भन्ते ! मेरा पितालाई शस्त्रले हत्या गर्न सकिन्न ।"

"त्यसो भए भोकैराखी मार ।"

यति सुनी अजातशत्रु राजाले बिम्बिसार राजालाई आगोबाल्ने घरभित्र राखे । "मेरो आमा एकजनालाई बाहेक अरू कसैलाई पनि भित्र आउन नदेऊ" भनी पाले राखे । देवी सुनको बट्टामा भातराखी पटुकामा बाँधी राजाकहाँ जान्थिन् । राजाले सो भात खाई जीविका गर्दथे । "मेरा पिता कसरी जीविका गर्दछन् ?" भनी सोध्दा आमाको खबर सुनेपछि "मेरी आमालाई पेटमा केही राखी आउन नदेऊ" भनी आज्ञा दिए । त्यसपछि देवीले मुकुटभित्र लुकाई भात लैजान थालिन् । यो सुनेर "मुकुट लगाएर पनि जान नदिनू" भनी भने । त्यसपछि जुत्ताभित्र खाना लुकाई जान थालिन् । राजा यसबाट जीविका गर्दथे । फेरि "कसरी मेरा पिता जीविका गर्दछन् ?" भनी सोध्दा यो कुरा पनि थाहा पाई "जुत्ता लगाएर पनि जान नदिनू" भनी आज्ञा दिए । त्यसपछि सुगन्धित पानीमा नुहाई आफ्नो शरीरमा चतुमधु


Downloaded from http://www.dhamma.digital

लेपन गरी पछ्यौरा ओढी देवी गइन् । राजाले उनको शरीर चाटी जीविका गर्न थाले । यो कुरा सुनेपछि "अब उप्रान्त मेरी आमालाई पनि जान नदेऊ" भनी भने । अनि देवी दैलोमा उभिई "स्वामी बिम्बिसार ! बालक कालमै यसलाई मार्न दिनु भएन । आफ्नो शत्रुलाई आफैले पाल्नुभयो । अब यो मेरो अन्तिम दर्शन हुनेछ । अबदेखि मैले तपाईंलाई देख्न पाउने छैन । हे देव ! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस् !" भनी रुँदै फर्किन् ।

त्यस दिनदेखि राजा भोकै भए । मार्गफलको सुखानुभव गरी चंक्रमण गरी जीवन यापन गर्न थाले । राजाको रूपशरीर अत्यन्त चम्किन थाल्यो । अनि अजातशत्रु राजाले "भणे ! मेरा पिता कसरी जीविका गर्दैछन् ?" भनी सोध्दा "चंक्रमण गरी जीविका गर्दैछन् । उहाँको रूपशरीर अघिभन्दा चम्किलो छ" भनी भने । यो सुनेर "अब चंक्रमण गर्न रोक्नुभयो" भन्ने सोचे । यति सोची उनले "मेरा पिताका पैतालामा छुराले चिरी नून तेल लगाई छाला डढ्ने गरी गोलको आगोमा पोलिदेऊ" भनी नाउहरूलाई पठाए । नाउहरू आएको देखी राजाले सोच्न थाले – "मेरो छोरालाई कसैले सम्झायो होला । यो नाउहरू मेरो दाह्री जुङ्गा खौरन आएका होलान् । उनीहरू आएर राजालाई ढोगी उभिइरहे ।"

"किन आएका हौ ?" भनी सोधेपछि उनीहरूले राजाले पठाएको कुरा सुनाए । अनि "तिम्रा राजाको इच्छानुसार गर" भनी भनेपछि "देव ! त्यसोभए बस्नुहोस्" भनी राजालाई ढोगी "देव ! हामी राजाको आज्ञा बमोजिम काम गर्नेछौं । हामीमाथि नरिसाउनु होला । तपाईं जस्ता धार्मिक राजाको लागि यो काम उचित छैन ।" यति बिन्ती गरी देब्रे हातले गोलीगाँठामा सामाती दाहिने हातले

Downloaded from http://www.dhamma.digital



*राजा अजातशत्रुको आज्ञाअनुसार आफ्नो पितालाई पाईतला चिराउनको लागि नाउले बिन्ती गर्दै गरेको ।*

छुरा समाती पैतालामा चिरी नून तेल लगाई गोलको आगोमा पोलिदिए । राजालाई असह्य वेदना भयो । अनि "अहो बुद्ध ! अहो धर्म ! अहो सङ्घ !" भन्दै बुद्धानुस्मरण गर्दै चैत्यमा राखेको फूलमालाजस्तै ओइलाई चातुर्महाराजिक देवलोकको वैश्रवण राजाको परिचारकको रूपमा जनवसभ भने यक्ष (देवता) भई उत्पन्न भए[२४] ।

त्यसैदिन अजातशत्रु पुत्र जन्म्यो । पुत्र जन्मेको र पिता मरेको खबर दुवै एकै पटक आइपुग्यो । अनि अमात्यहरूले पहिले पुत्र जन्मेको समाचार सुनाउनेछौं भनी

Downloaded from http://www.dhamma.digital

पुत्र जन्मेको पत्र राजाको हातमा राखिदिए । राजालाई गहिरो पुत्र-स्नेह उत्पन्न भएको । त्यसबखत राजाले पितृस्नेहलाई महसूस गरे । म जन्मिदा पनि मेरा पिताको मनमा यस्तै स्नेह उत्पन्न भयो होला । यति सोची राजाले "हे भणे ! मेरा पितालाई छाडिदेओ !" भनी भन्दा "महाराज ! के छाड्नु हुन्छ र ! तपाईंका पिता मरिसके" भन्दै अर्को पत्र हातमा राखिदिए ।

यो समाचार सुनी रुँदै रुँदै आफ्नी आमाकहाँ गई "आमा ! म जन्मिदा मेरा बाबुको मनमा पनि ममाथि यस्तो स्नेह उत्पन्न भएको थियो कि ?" भनी सोध्दा "मूर्ख पुत्र ! के भन्छस् ! तँ सानो छँदा तेरो औंलामा खटिरा आएको थियो । तँलाई कसैले पनि फकाउन नसक्दा विनिश्चय आसनमा बसिरहेका तेरा पिताकहाँ लगें । तेरा पिताले तँलाई फकाउन काखमा लिए । त्यसबखत तैंले आफ्नो औंला बाबुको मुखभित्र हालिस् । त्यतिञ्जेल तेरो औंलाको खटिरा बाबुको मुखभित्र फुट्यो । औंला झिक्दा तँ रोलास् भन्ने डरले तेरा बाबुले रगत र पीप त्यसै निलेका थिए । त्यस्तो थियो तेरा पिताको तँमाथिको स्नेह !" भनी देवीले भनिन् । यो सुनेर अजातशत्रु खुबसँग रोए र रुँदै रुँदै पिताको अन्तेष्ठिक्रिया गरे[२५] ।

# कोशल राजासँग युद्ध

माथि उल्लेख गरेझैं कोशल राज्यका महाकोशल राजाले आफ्नी छोरी कोशलदेवीलाई अङ्ग-मगधका राजा बिम्बिसारलाई विवाह गरिदिंदा छोरीको लागि काशी भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए । जब अजातशत्रु राजाले आफ्ना पिता बिम्बिसारलाई निर्मम हत्या गरे तब

Downloaded from http://www.dhamma.digital

यसै शोकले गर्दा कोशलदेवीको पनि मृत्यु भएको थियो भनी जातकट्ठकथाले[२६] उल्लेख गरेको छ । त्यसपछि प्रसेनजित कोशल राजाले "अजातशत्रुले आफ्नो पिता बिम्बिसारलाई मारे । त्यसैको शोकले गर्दा मेरी बहिनी कोशलदेवी पनि मरिन् । यस्तो पितृघातक चोरलाई यो काशी गाउँ दिने छैन" भनी सोचेर अजातशत्रुलाई सो गाउँ दिएनन् । यसैको कारणले गर्दा दुई राज्यको बीचमा समय समयमा युद्ध भएको थियो । अजातशत्रु चाहिं तन्नेरी मात्र होइनन् समर्थवान् पनि थिए । त्यसैले वृद्ध प्रसेनजित् कोशल राजा अजातशत्रुद्वारा बार बार पराजित हुनुपरेको थियो [२७] । यसै सन्दर्भमा धम्मपदट्ठकथा[२८] यस्तो उल्लेख गर्छ –

"काशी गाउँको कारणमा भाञ्जा अजातशत्रुसँगको युद्धमा तीन[२९] तीन पटकसम्म पराजित भएपछि प्रसेनजित् कोशल राजाले 'दूध खाने जस्तो केटोसँग पनि पराजित हुनपऱ्यो' भन्ने शोक गरी खाना पनि खाएनन् ।" यो कुरा सुनेर भगवान्ले –

**"जयं वेरं पसवति, दुक्खं सेति पराजितो ।**
**उपसन्तो सुखं सेति, हित्वा जय पराजयं ।"**

अर्थात्

'विजयले वैरभाव उत्पन्न गराउँदछ, पराजित पुरुष दुःखपूर्वक सुत्छ, शान्त पुरुष जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ' भन्ने धम्मपद गाथा भिक्षुहरूलाई सुनाउनु भएको थियो ।

एकदिन प्रसेनजित् राजाले अजातशत्रुलाई पराजित गर्नको लागि के गर्नुपर्ला भनी अमात्यहरूसँग सोध्दा

Downloaded from http://www.dhamma.digital

उनीहरूले "देव ! आर्यहरू भनेका मन्त्रकुशल हुन्छन् । अतएव जेतवन विहारमा गई भिक्षुहरूको कुरा सुन्नुपर्छ" भनी भनेको कुरा सुनी राजाले जेतवनमा चरपुरुषहरू पठाए ।

एकदिन त्यहाँ उत्तर भन्ने र धनुग्गह[३०] भन्ने स्थविरहरूको बीचमा भइरहेको कुरा सुने । उनीहरूले युद्धमा पद्मब्यूह, चक्रब्यूह र संकटब्यूह भन्ने हुन्छन् । अजातशत्रुलाई समात्न चाहनेले अमुक पहाडहरूको बीचमा सेना राखी यसो यसो गरी संकटब्यूह बनाई समात्न सकिन्छ भन्ने युद्धसम्बन्धी कुरा गरिरहेको सुने । त्यसपछि उनीहरूले राजालाई यो कुरा सुनाए । राजाले सोही बमोजिम तयार गरी फेरि अजातशत्रुसँग युद्ध गरे । यसपटक राजाले अजातशत्रुलाइ जिउँदै घेरामा पारी सेनासहित समाते । अनिपछि प्रसेनजित् राजाले अजातशत्रुलाई सम्झाई बुझाई आफ्नी छोरी वजिर[३१] कुमारीलाई दिए[३२] । यसको साथसाथै काशी गाउँ पनि फर्काई आफ्नो छोरीको लागि दाइजोको रूपमा दिएका थिए भनी जातकट्ठकथाले उल्लेख गरेको छ[३३] ।

कोशल राजासँग समय समयमा युद्ध भएका कुराहरू बुद्धकालीन राजपरिवारमा उल्लिखित मूल सूत्रहरूबाटै प्रष्ट भएको छ ।

यहाँदेखि अजातशत्रु र प्रसेनजित् राजाहरूको बीचमा सुमधुर सम्बन्ध रहेको कुरा मज्झिमनिकायको बाहित सूत्रमा उल्लिखित सोऱ्हहात लामो र आठ हात चौडाई भएको गलैंचा अजातशत्रुले प्रसेनजित् राजालाई पठाएको उपहारबाट हामी बुझ्न सक्छौं[३४] ।

Downloaded from http://www.dhamma.digital

जब दीर्घकारायणले घोका दिई विडूडभ राजकुमारलाई सिंहासनमा राखे तब प्रसेनजित् कोशल राजाको मनमा सारै दुःख लागेको थियो । अनि अजातशत्रुलाई साथमा लिएर फेरि आफ्नो राज्य आफ्नै हातमा लिनेछु भन्ने विचार गरी उनी राजगृहतिर लागे । अभाग्यवश उनी राजगृह पुग्दानपुग्दै नगरद्वार बन्द भएको हुँदा नगर बाहिरै एक धर्मशालामा बास बसे । उनको मृत्यु उहीं भयो । जब अजातशत्रु राजाले प्रसेनजित् कोशल राजाको मृत्यु भएको खबर सुनें तब महान सत्कारपूर्वक उनको अन्त्येष्ठिक्रिया गरे । पछि विडूडभमाथि हमला गर्ने विचारले सेना एकत्रित गराए । त्यसबखत राजालाई



*राजा अजातशत्रुद्वारा राजा प्रसेनजित् कोशलको अन्तिम संस्कार गरिंदै ।*

Downloaded from http://www.dhamma.digital

अमात्यहरूले "महाराज ! यदि प्रसेनजित् कोशल राजा बाँचेका भए तपाईं जान योग्य थियो । अब उनी छैनन् । विडूडभ पनि तपाईंको कृपाले छत्र धारण गर्न योग्य छन्" भनी सम्झाएपछि राजा शान्त भए[३५] । यो पनि अजातशत्रुको मित्रताको चिन्ह हो ।

अजातशत्रु राजाका छोरा उदयभद्र कुमार प्रसेनजित् राजाकी छोरी वजिर कुमारीको तरफबाट भएका हुन् भनी डा. मललसेकरले उल्लेख गरेका छन् ।

उदयभद्र राजकुमार अजातशत्रुका छोरा हुन् भन्ने कुरा चाहिँ दीघनिकायको सामञ्ञफल-सुत्तबाट पनि प्रष्ट हुन्छ ।

## पितृहत्यापछिको क्रियाकलाप

**"बिम्बिसार सुतो 'जातसत्तु तं घातयामति ।**
**रज्जं द्वत्तिंसवस्सानि महामित्तदद्दु कारयि ॥**

**अजातशत्तुनो वस्से अट्ठमे मुनि निब्बुतो ।**
**पच्छा सो कारयीरज्जं वस्सानि चतुवीसति ॥"**

महावंश टीका द्वितीय परिच्छेदको गाथा संख्या ३१, ३२ अनुसार बिम्बिसारका छोरा अजातशत्रुले आफ्ना पिताको हत्या गरी ३२ वर्षसम्म राज्य गरे । बुद्ध हुन्जेलसम्म ८ वर्ष त्यसपछि २४ वर्ष गरी ३२ वर्ष

Downloaded from http://www.dhamma.digital

भनिएको हो । अजातशत्रुले राज्य चलाएको आठौं वर्षमा बुद्धको परिनिर्वाण भएको थियो । बुद्ध परिनिर्वाणपछि उनले २४ वर्षसम्म राज्य गरे[३६] ।

देवदत्तको कुमन्त्रणद्वारा आफ्ना पिताको हत्या गरिसकेपछि तथा बुद्ध परिनिर्वाणभन्दा आठ वर्ष अघि राजा भएपछि सर्वप्रथम अजातशत्रुले राजगृहका जोतीय सेठको प्रसाद लिनुपर्‍यो भनी सेनासहित उनी त्यहाँ गए । तर जोतीय सेठको प्रासादको मणिमय भित्तामा आफ्ना सेनाको छाया देखी "गृहपति मसँग लड्नको लागि सेनासहित निस्कँदैछन्" भनी ठानी अगाडि बढ्न सकेनन् । त्यसदिन बिहान सबेरै जोतीय सेठ उपोसथिक भई विहानको खाना खाई विहारमा गई भगवान्को धर्मोपदेश सुन्दै थिए । सेठको पहिलो ढोकामा पालो बसिरहेका यमकमोली यक्षले देखेर राजासहित सेनालाई लखेट्न थाले । कहाँ जाऊँ कहाँ जाऊँ भई राजा विहारमा गए । अनि त्यहाँ राजालाई देखेर आसनबाट उठी सेठले उनलाई सम्बोधन गरे । अनि राजाले उनलाई यसो भने –

"गृहपति ! आफ्नो मानिसहरूलाई मसँग लड भनी तिमीचाहिँ यहाँ आई उपदेश सुनेकोजस्तो गरी बसेका छौ ।"

"देव ! तपाईं मेरो घर लिन जानुभएको थियौं ?"

"हो, गएको थिएँ ।"

"देव ! मेरो इच्छा विना हजारौं राजाहरू आए पनि मेरो घर लिन सक्ने छैनन् ।"

यो सुनेर रिसाउँदै राजाले "के त तिमी राजा हुनेछौ त ?" भनी भने ।

Downloaded from http://www.dhamma.digital

"देव ! म राजा होइन । मकहाँ भएका वस्तुहरूमध्ये मेरो इच्छाविना एक टुक्रो पनि कसैले केही लिन सक्दैन ।"

"अँ, त्यसोभए तिम्रो इच्छानुसार मैले लिन पऱ्यो त ! "

"देव ! त्यसोभए म मेरा यी दस औंलामा भएका बीसवटा औंठीहरू तपाईंलाई दिन चाहन्न । यदि सक्नुहुन्छ भने लिनुहोस् ।"

अनि राजा टुक्रुक्क भुईंमा बसी सेठको हातबाट औंठी झिक्न निकै कोसिस गरे । पसिना आउञ्जेलसम्म कोसिस गर्दा पनि औंठी झिक्न सकेनन् ।

अनि सेठले "देव ! त्यसोभए कपडा ओछ्याउनु होस्" भनी कपडा ओछ्याउन लगाई औंला सीधापारी राखिदिए । औंठीहरू औंलाबाट खुत्रुक्क खसे । अनि सेठले "देव ! यसरी मकहाँ भएको कुनै पनि वस्तु मेरो इच्छाविना कसैले लिन सक्तैन" भनी भने । राजाको यस क्रियाकलापबाट सेठ विरक्तिई "हे देव ! मलाई प्रव्रजित हुने आज्ञा दिनुहोस्" भनी निवेदन गरे । "यी सेठ प्रव्रजित भएमा यिनको प्रासाद मैले सजिलैसँग लिन सक्नेछु" भन्ने मनमा राखी राजाले एकै वचनमा "हुन्छ प्रव्रजित होऊ" भनी आज्ञा दिए । उनी शास्ताकहाँ गई प्रव्रजित भए । प्रव्रजित भएको केही समयमै उनी अरहन्त पनि भए । अनि उनको नाम जोतीय स्थविर भन्ने रहन गयो । उनी अरहन्त हुने बित्तिकै उनका सारा सम्पत्तिहरू लोप भए[३७] ।

थेरगाथा अट्ठकथा[३८] अनुसार बिम्बिसार राजाका शीलव भन्ने एक अर्का छोरा थिए । यिनी ठूला भएपछि यिनलाई मार्ने इच्छा गरी अजातशत्रु राजाले अनेक उपाय गर्दा पनि मार्न सकेनन् । पछि उनी महामौद्गल्यायन

Downloaded from http://www.dhamma.digital

स्थविरको सहायताद्वारा भगवान्‌कहाँ भिक्षु भई अरहन्त भए । त्यसपछि उनी श्रावस्तीमा बस्न थाले । अजातशत्रु राजाले उनलाई श्रावस्तीसम्म पनि मानिसहरू पठाई मार्न पठाएका थिए । किन्तु मार्न गएका मानिसहरू सबै उनकै धर्मोपदेश सुनी भिक्षु भएका थिए ।

## देवदत्तलाई सहयोग

अजातशत्रु पितृहत्या गरिसकेपछि एकदिन देवदत्त अजातशत्रुकहाँ गई "महाराज ! तपाईंको मनोरथ पूरा भईसक्यो, अब मेरो मनोरथ पूरा हुन बाँकी छ" भनी भन्दा अजातशत्रुले "भन्ते ! त्यसोभए भन्नुहोस् मैले के गर्नु पर्‍यो" भनी भन्दा देवदत्तले "महाराज ! अब बुद्धलाई हत्या गरी म पनि बुद्ध हुनेछु । अतएव तपाईंले त्यसको लागि मानिसहरूलाई मैले अह्राए बमोजिम गर भन्ने आज्ञा दिनुहोस्" भनी भने [३९] ।

अनि अजातशत्रुले "देवदत्तले जसो भन्नुहुन्छ त्यसो गर" भनी मानिसहरूलाई खटाइदिए । यसरी अजातशत्रुले बुद्धको हत्या गर्नको लागि पनि सहायता गरे ।

अजातशत्रुले पठाएका मानिसहरू लगाई बुद्धको हत्या गर्न नसकेपछि अजातशत्रुकै सहायता लिई गृद्धकूट पर्वतबाट ढुङ्गा खसाली देवदत्तले बुद्धको हत्या गर्ने प्रयत्न गरेका थिए । यसबाट बुद्धलाई चोट लागेको थियो । यस कार्यबाट पनि बुद्धलाई मार्न नसकेपछि देवदत्तले अजातशत्रुको नालागिरि वा धनपाल भन्ने प्रचण्ड हात्ती पठाई मार्ने कुनियत गरे ।

Downloaded from http://www.dhamma.digital



*देवदत्तद्वारा राजा अजातशत्रुको सहयोग लिई नालागिरी हात्ती पठाई बुद्धको हत्या गर्ने दुष्प्रयास ।*

अजातशत्रुले पनि "देवदत्तले भन्नुभए बमोजिम नालागिरि हात्तीलाई पठाउनू" भन्ने आज्ञा दिए[४०] ।

जब देवदत्तले नालागिरि हात्ती मागे तब अजातशत्रु राजाले माहुतेलाई बोलाई यसो भने –

"सौम्य ! भोलि बिहान सबेरै नालागिरि हात्तीलाई रक्सी पिलाई मत्तपारी मत्याई श्रमण गौतम भिक्षाटन्को लागि आउने बाटोमा छोडिदेऊ[४१] ।"

यतिञ्जेलसम्म अजातशत्रुले देवदत्तलाई मदत दिइरहेको कुरा कसैलाई थाहा थिएन गोप्य नै थियो । जब बुद्ध भगवान् भिक्षाटन् गइरहेको राजगृहको बाटोमा नालागिरि हात्तीलाई छाडिदिए तब अजातशत्रुले देवदत्तलाई मदत गरिरहेको कुरा प्रकट भयो ।

Downloaded from http://www.dhamma.digital

अनि मानिसहरू अजातशत्रु राजाको निन्दा गर्दै कराउन थाले – “देवदत्तको कुरा सुनी आफ्नो पिताको पनि हत्या गरे । बुद्धलाई मार्नको लागि मानिस पनि पठाए । गृद्धकूटबाट ढुङ्गा खसाल्न पनि मदत गरे । अहिलेचाहिँ यो प्रचण्ड नालागिरि हात्तीलाई पनि छाडिदिए । यस्ता शासनको काँढा समान चोर देवदत्तको मदत गर्दैछन् !

“राजा जस्ता भएर पनि देवदत्त जस्ता चोर शासनको काँडालाई अँगाली हिंड्दैछन्” भन्ने होहल्ला सारा नगरमा बेसरी फैलिएको सुनेपछि त्यहाँदेखि अजातशत्रु राजाले देवदत्तलाई पठाईरहेका पाँचसय थाली पक्वान्न भात पनि पठाउन छाडी दिए । उनको उपस्थानमा पनि गएनन् देवदत्तको सत्सङ्गत गर्न पनि छाडीदिए[४२] ।

देवदत्तसँग सत्सङ्गत गर्नुभन्दा अगाडि अजातशत्रु आफ्ना पिता बिम्बिसार राजासँग बुद्धकहाँ जाने कुरा माथि पनि चर्चा गरिसकेको छु । तर देवदत्तको सत्सङ्गतपछि आफ्ना पिताको हत्या गरे । अनि उनी बुद्धकहाँ जान सकेनन्[४३] ।

# पितृहत्याको मानसिक अशान्ति

स्रोतापन्न भएका परम बुद्ध-उपस्थाक धार्मिक धर्मराजा भएका आफ्ना पिताको हत्या गरिसकेपछि अजातशत्रुको मनमा कत्ति पनि शान्ति भएन । कुनै प्रकारको चैन थिएन । । उनले राज्यसुखानुभव पनि गर्न सकेका थिएनन् । दिन वा रातमा सुत्छु भनी आँखा चिम्लिने बित्तिकै आँखामा तीरले घोचेजस्तो हुने अथवा आँखामा

Downloaded from http://www.dhamma.digital

खुर्सानी हालेकोजस्तो अनुभव हुँदा तुरन्तै बिछ्यानबाट उठ्दथे । किन के भयो भनी सोध्दा केही भएको छैन भनी भन्दथे । त्यसैले उनको नीद अप्रिय तथा अमनाप थियो[४४] ।

बनारसमा एक कंजूस तथा अश्रद्धालु सेठ थिए । उनकी छोरीको राजगृह नजिकको अन्धकविन्द भन्ने गाउँमा विवाह भएको थियो[४५] । यी गृहपति मरेपछि एक प्रेत भए । उता अन्धकविन्दमा बस्ने उनकी छोरीले बाबुको नाममा ब्राह्मणहरूलाई दान दिने तयारी गरिरहेकी थिई । अनि सो प्रेत यो कुरा थाहा पाई छोरीको घरमा जान्छु भनी गइरहेको बेलामा ऊ राजगृहमा पुगेको थियो ।


त्यसैबेला निदाउन नसकी डरलाग्दो स्वप्न देखी उठेका अजातशत्रु राजा प्रासादको माथिल्लो तल्लामा गई डुलिरहेका थिए । त्यसैबेला यो प्रेतलाई देखेर कुनै श्रमण होलान् भन्ने विचारले राजाले यसो भने –

**"नग्गो किसो पब्बज्जितोसि भन्ते,**
**रत्तिं कुहिं गच्छसि किस्सहेतु ।**
**आचिक्ख मे तं अपि सक्कुनेमु,**
**सब्बेन वित्तं पटिपादये तुव'न्ति ॥"**

अर्थ –

"भन्ते तिमी नाङ्गा र दुब्ला प्रव्रजित छौ । यस्तो रातको समयमा तिमी के कामले कहाँ जाँदैछौ ? तिमी के चाहन्छौ भन । म तिम्रो इच्छा पूरा गरिदिने छु ।"

Downloaded from http://www.dhamma.digital




*राजा अजातशत्रुका सामुन्ने आएका एक प्रेतसित दान पुण्यको सम्बन्धमा वार्तालाप ।*

यो सुनेर सो प्रेतले आफू प्रेत भएको र आफ्नी छोरीले दिन लागेको दानको फल पाउने आशाले जान लागेको कुरा सुनायो । यो पनि राजालाई भन्यो कि अघि दानको फललाई विश्वास गर्दैनथें । अब विश्वास हुन थाल्यो । यति सुनेर अजातशत्रु राजाले "त्यसोभए दानको फल पाए नपाएको कुरा मलाई सुनाउन आऊ । म तिम्रो कुरा सुन्नेछु" भनी भने ।

सो प्रेत गएर अदक्षिणेयहरूलाई दान दिइरहेको देखेर फर्केर पुनः राजाकहाँ आयो । अनि राजाले "यदि मैले गर्नुपर्ने केही छ भने भन म गर्नेछु" भनी भन्दा उसले

Downloaded from http://www.dhamma.digital



*देवदत्तको पापको गहुँगो बोझ पृथ्वीले पनि बोक्न सकेन !*

"त्यसोभए बुद्ध र सङ्घलाई अन्नपान वस्त्रादि दान दिएमा म सुखी हुनेछु" भनी भनेको कुरा सुनी उसैदिन बिहान अनुपम भएका सङ्घलाई राजाले आफ्नै हातले दान दिई पुण्यानुमोदन गराए । सो प्रेत पनि सुखी तथा मुदित भई राजालाई आफ्नो प्रभावशाली रूप देखाएर गयो [४६] ।

उता देवदत्त लाभसत्कारबाट परिहानी भई अभव्य भएर बिरामी भएपछि श्रावस्तीमा गई बुद्धको दर्शन गर्नेछु भनी जाँदा जेतवनको बाहिरै पृथ्वी फुटेर जमिन भँडखारो परेको कुरा[४७] सुनी "उनको कारणले गर्दा मैले पनि मेरा धार्मिक धर्मराजा पिताको हत्या गरें । म पनि पृथ्वीमै

Downloaded from http://www.dhamma.digital

भासिएर जानेहुँ कि क्या हो" भन्ने मानसिक भयत्रास लागी कुनै राजसुखको आस्वाद लिन सकेका थिएनन् । निदाउँछु भनी सुत्दा केही छिन पनि नै नौ योजन बाक्लो फलामे पृथ्वीमा खसाली फालामे भालाले झोसेको जस्तै कुकुरले टोकेर लुछातानी गरेको जस्तै देखेर भयभीत भई चिच्याउँदै तुरन्त उठ्थे [४८] ।

उज्जैनका चण्डप्रद्योत राजा बिम्बिसार राजाका अत्यन्त विश्वासी साथी थिए । देवदत्तको कुमन्त्रणा सुनी अजातशत्रुले बिम्बिसार राजाको हत्या गरे भन्ने कुरा सुनी प्रद्योत राजाले एकदिन आफ्नो परिषद्लाई "यी अजातशत्रुले मेरा प्रिय मित्र बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउने छु भन्ने ठान्दछन् । किन्तु उनलाई मेरा साथीको साथी म भएको कुरा जनाउनेछु" भनी सुनाएका थिए [४९] ।

प्रद्योत राजाको यस कुरामा आशङ्का गरी अजातशत्रु राजाले राजगृह नगरको प्रतिसंस्करण पनि गराएको कुरा [५०] मज्झिमनिकायको गोपकमोग्गल्लान सूत्रबाट प्रष्ट हुन्छ ।

## बुद्धकहाँ जाने इच्छा

आज कार्तिक पूर्णिमाको जुनेली रात थियो । राजगृह नगरमा ठूलो उत्सव थियो । नगरमा जताततै ध्वजा पताकाहरूले सजाएका थिए । पञ्चवर्ण फूलहरू छरिएका थिए । सडकहरू सफा सुग्घर गरिएको थियो ।आ-आफ्नो घर अगाडि ढोकाहरू बनाइराखेका थिए । नगरभरी दीपावली मनाइएको थियो । रमाइलो रात थियो । आकाश स्वच्छ तथा निर्मल थियो । शीतल सुन्दर रमाइलो चन्द्रमा आकाशमा चम्किरहेको थियो । अजातशत्रु राजा पनि त्यस

Downloaded from http://www.dhamma.digital

जुनेली रातमा प्रासादको माथिल्लो भागमा सजिसजाउ भएको काञ्चन आसनमा अनेक राज अमात्यहरूका साथ बसिरहेका थिए। भगवान् बुद्धकहाँ परम भक्त राजदरबारका सुप्रसिद्ध जीवन वैद्य पनि परिषद्को एक छेउमा बसेका थिए[५१]।



*अशान्त राजा मनको शान्तिका लागि वैद्य जीवकसंग वार्तालाप।*

यद्यपि राजा सबैसँग त्यहाँ बसेका थिए तापनि राजाको मनमा चाहिँ पितृहत्याको कारणले गर्दा मनमा कुरा खेलिरहेको थियो। यसबाट यस जीवनमा राजाले कुनै प्रकारको आश्वासन पाउन सकेका थिएनन्। आश्वासन पाउनको लागि एउटै मात्र उपाय बुद्धकहाँ जाने भन्ने मनमा लागेको थियो। पितृहत्या मात्र होइन बुद्धप्रति पनि महान अपराध गरेको हुँदा एक्लै बुद्धकहाँ जाने हिम्मत गर्न सकेका थिएनन्। यो कुरा सम्भदा उनलाई डाह हुन्थ्यो र पसिना निस्कन्थ्यो। त्यसैले के गरी कसो गरी बुद्धकहाँ जाने होला भन्ने मनमा लागेको थियो। जीवकको सहायता

Downloaded from http://www.dhamma.digital

लिई जानुपर्‍यो पनि मनमा लागिरहेको थियो । तर यो कुरा जीवकलाई सोझै भन्न सक्दैनथे । त्यसैले कुनै उपाय निकाली जीवकसँग बुद्धकहाँ जानुपर्‍यो भन्ने मनमा निश्चय गरी त्यस सभाषद्मा कुरा निकाल्दै राजाले "अहो ! आज कस्तो रमाइलो जुनेली रात छ ! यस्तो रातमा कुनै श्रमण - ब्राह्मणको उपासना गर्न पाए कति राम्रो हुने थियो[५२]" भन्ने जस्तो कुरा निकाले । त्यसैले दीघनिकायको सामञ्ञफल-सुत्तमा उल्लिखित 'श्रामाण्यफल' शीर्षकको मूल सूत्रमा "आज कुन श्रमण वा ब्राह्मणको सत्सङ्गत गरुँ जसको सत्सङ्गत गर्दा प्रफुल्लित चित्त हुनसकोस्" भनी भनिएको हो ।

यी सबै कुरा राजाले जीवकलाई नै सङ्केत गरी सुनाउँदै थिए भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ[५३] ।

त्यस परिषद्मा बुद्ध बाहेक अन्य छ शास्ताहरू *(गुरु)* लाई मान्ने मन्त्रीहरू पनि थिए । जब राजाले उक्त कुरा प्रकट गरे तब त्यहाँ भएका ती शास्ताका अनुयायी मन्त्रीहरूले "आज राजाले कुनै श्रमण वा ब्राह्मणकहाँ जाने इच्छा प्रकट गर्दैछन् । जसकहाँ गई जसको धर्म सुनी राजा खुसी हुने छन् उसको ठूलो लाभ हुनेछ । यसबाट उनका अनुयायी हुनेको पनि महालाभ हुनेछ" भन्ने विचार गरी "मैले राजालाई मेरा शास्ताकहाँ लिएर जानेछु" भन्दै त्यहाँ बसिरहेका छ जना मन्त्रीहरूले आ-आफ्ना शास्ताको गुणबखान गर्नथाले । राजाले यी छ शास्ताका कुराहरू सुनिसकेका थिए । त्यसैले यिनीहरूका कुरा सुनी राजा चुप लागेर बसे । जुन कुरा दीघनिकायको सामञ्ञफल-सुत्तले पनि उल्लेख गरेको छ ।

Downloaded from http://www.dhamma.digital

त्यसबखत जीवक चाहिं एक छेउमा चुप लागेर बसिरहेका थिए । अनि राजाले सोच्नथाले – "जसका कुरा म सुन्न चाहन्न उनीहरू नै कुरा गर्दैछन् । जसको कुरा सुन्न चाहन्छु ऊ भने नागभवनमा बसेको गरुड जस्तै चुप लागेर बसेको छ । जस्तो भगवान् बुद्ध शान्तिप्रेमी हुनुहुन्छ त्यस्तै यी जीवक पनि शान्तिप्रेमी छन् । मैले नसोधेसम्म यिनले कुनै कुरा गर्ने छैनन् ।

अरूहरू आ-आफ्ना गुरुका बयान सुनाउनमा व्यस्त थिए । जीवक चाहिं उनीहरूको कुरा सुनी चुपचाप बसिरहेका थिए । अनि उनलाई कुरा गराउन राजाले उनलाई हेरी "जीवक ! तिमी चाहिं किन चुपचाप बसेका हौ ? के तिम्रा शास्ता छैनन् ?" भनी भनेपछि जीवकले अरू मन्त्रीहरूले आ-आफ्ना शास्ताको नमस्कार गरी आसनमै बसी राजालाई कुरा सुनाएझैं कुरा नसुनाई आसनबाट उठी जुन दिशातिर भगवान् बुद्ध बसिरहनु भएको छ सो दिशातिर हेरेर पञ्चाङ्ग वन्दना गरी दुईहात जोरी शिरमा राखी यसो भने –

"महाराज ! यो नसोध्नुहोस् कि यी जीवक जो पायो त्यो श्रमण वा ब्राह्मणकहाँ जान्छन् । जुन श्रमणकहाँ म जान्छु, जुन श्रमणको म अनुयायी छु सो श्रमण आमाको कोखमा जाँदा, आमाको कोखबाट धर्मचक्र प्रवर्तन गर्दा दशसहस्र लोकधातु कम्पित भएको थियो । यस्तैगरी उहाँले यमकप्रातिहार्य पनि देखाउनु भएको थियो र त्रयस्त्रिंशको देवलोकबाट ओर्लिनु भएको थियो । त्यस्ता श्रमण गौतमको बारेमा म केही भन्दछु ध्यानदिएर सुन्नुहोस् ।"

यो कुराबाट राजाको ध्यान आकर्षित गरी जीवक अगाडि भन्दछन् –

Downloaded from http://www.dhamma.digital

"महाराज ! उहाँ भगवान्को यस्तो कल्याण कीर्ति शब्द लोकमा फैलिएको छ । उहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ । उहाँ भगवान् असल मार्गमा जानु भएको छ । उहाँ भगवान् देवमनुष्यहरूका शास्ता हुनुहुन्छ ··· ।"

यसरी नौ प्रकारले बुद्धको गुण वर्णन गरे । यसरी एक एक पदको वर्णन गरिसकेपछि "महाराज ! मेरा शास्ता अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ ···" भन्दै "हे देव ! त्यस्ता भगवान् बुद्धको उपासना गरी सत्सङ्गत गर्नुहोस् । अवश्य पनि त्यस्ता भगवान्को सत्सङ्गद्वारा र उपासनाद्वारा तपाईंलाई शान्ति मिल्नेछ तपाईंको चित्त पनि प्रसन्न हुनेछ । उहाँकहाँ गई जे चाहनुहुन्छ त्यो सोध्नुहोस् । तपाईं जस्ता सय हजार राजाहरूले प्रश्न सोधे पनि उहाँ सन्तोषजनक तथा चित्त बुझ्नेगरी उत्तर दिन समर्थ हुनुहुन्छ । महाराज ! विश्वस्त भई तपाईं त्यहाँ गई भगवान्सँग प्रश्न सोध्नुहोस्" भनी भने ।

जीवकको सुमधुर आवाजद्वारा बुद्धको गुण सुन्दासुन्दै राजाको शरीर पञ्चवर्ण प्रीतिले भरियो । अनि तत्क्षणमै बुद्धकहाँ जाने इच्छा गरी "यस्तो बेलामा दशबल[५४] बुद्धकहाँ जानको लागि जीवकले बाहेक अरू कसैले यानवाहनादिको व्यवस्था तुरन्त गर्न सक्नेछैन" भन्ने सोचेर "त्यसोभए जीवक ! हस्तीयानहरू तयार गर, बुद्धकहाँ जानेछु" भनी आज्ञा दिए[५५] ।

Downloaded from http://www.dhamma.digital

# बुद्धकहाँ गए

त्यसबखत राजगृहका प्राकार र गृद्धकूट पर्वतको बीचमा पर्ने जीवककै आम्रवनमा[५६] भगवान् बुद्ध साँढे बाऱ्हसय भिक्षुहरूका साथ शान्तपूर्वक बसिरहनु भएको थियो ।

यानवाहनहरू धेरै प्रकारका छन् । जस्तै – रथहरू, घोडाहरू, पाल्कीहरू तथा हात्तीहरू । घोडा र रथबाट जाँदा आवाज धेरै आउँछ । टाढैबाट पनि आवाज सुनिन्छ । रात्रीको अवस्थामा शान्तपूर्वक बसिरहनुभएका बुद्धकहाँ जाँदा होहल्ला गरी जानु उचित हुने छैन । हात्तीमा जाँदा चाहिं आवाज आउँदैन । अतः हात्ती नै उत्तम छ । उत्तम पुरुषकहाँ जान उत्तम यानबाट नै जानुपर्छ । हात्तीको पछि पछि लागेर गएता पनि आवाज सुनिंदैन । शान्त हुनु भएका बुद्धकहाँ जान शान्तपूर्वक नै जानुपर्छ भन्ने विचार गरेर राजाले "हात्ती यान तयार पार" भनी भन्नुभएको हो भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ[५७] । त्यसैले दीघनिकायको सामञ्ञफल-सुत्तको 'श्रामण्यफल' भन्ने मूल सूत्रमा "सौम्य जीवक ! त्यसोभए हस्तीयानहरू तयार पार्न लगाऊ" भनी उल्लेख भएको हो ।

अनि जीवकले आफ्नो बुद्धि खेलाई राजाले नभने तापनि यात्राको लागि भव्यरूपले तयारी गरे ।

"राजा चाहिं यस्तो रातमा भगवान्‌कहाँ जाने इच्छा गर्दैछन् । राजाहरूका धेरै विरोधी शत्रुहरू हुन्छन् । यदि बीच बाटामा राजालाई केही भएको खण्डमा 'राजाले आफूले भनेको कुरा सुन्दछन् भन्दै जीवक यस्तो असमयमा

Downloaded from http://www.dhamma.digital

पनि राजालाई लिएर नगरबाट बाहिर निस्कन्छन्' भन्ने निन्दा मलाई गर्नेछन् । भगवान्लाई पनि 'असमयमा आएका राजालाई श्रमण गौतम उपदेश गर्छन्' भन्ने निन्दा गर्न सक्छन् । अतः जसो गर्दा मेरो पनि बुद्धको पनि निन्दा नहुने हो त्यसोगरी आरक्षा सम्पन्न गरी प्रबन्ध गर्नुपर्छ" भनी जीवकले सोचे ।

अनि "स्त्रीहरूको कारणबाट पुरुषहरूलाई भय उत्पन्न हुने छैन" भने ठानी "पाँचसय ढोइहरूमा राजदरबारका पाँचसय स्त्रीहरूलाई पुरुषभेष लिन लगाई ढाल तरबार आदि लिन लगाई राजालाई लैजानु पर्‍यो" भनी पाँचसय स्त्रीहरूलाई तयार पार्न लगाई एक एक हात्तीमा एक एक जना पुरुष भेषका स्त्रीलाई बसाले । जीवकले यस्तो पनि सोचे "यी राजालाई यस जीवनमा कुनै मार्गफल लाभहुने उपनिश्चय छैन । बुद्धहरूले भने कसैको उपनिश्चय हेरेर उपदेश गर्नुहुन्छ । अतः किन मैले महाजनहरूलाई पनि भेला नगराऊँ । यस्तो भएमा शास्ताले कसैको उपनिश्चय देख्नुभई धर्मोपदेश गर्नु हुनेछ । महाजनहरूका लागि यो लाभदायी हुनेछ ।"

यति सोचेर उनले भेला हुनका लागि ठाउँ ठाउँमा तुरन्त खबर पठाए । "आज राती राजा भगवान्कहाँ जाँदै छन् । सबैले आ-आफ्नो प्रभावअनुसार राजाको रक्षा गरुन्" भन्ने भोला पनि लगाइदिए ।

यो सुनेर महाजनहरूले विचार गरे – "राजा चाहिं भगवान्कहाँ जाँदैछन् । त्यहाँ आज कस्तो धर्मोपदेश हुनेछ होला ! यो उत्सवले हामीलाई के गर्छ र ! उहीं जानुपर्‍यो" भन्दै हातमा फूलमाला र सुगन्धित धूपहरू लिई राजाको प्रतीक्षामा मानिसहरू बाटामा उभिइरहे । अनि जीवकले

Downloaded from http://www.dhamma.digital

राजालाई यानहरू तयार भए भनी निवेदन गरे । अङ्ग, मगध गरी ३०० योजनमा आज्ञा चल्ने राजा कम्मरमा खड्ग भिरी पाँचसय पुरुष भेषधारी स्त्रीहरूका साथ आफ्नो राजकीय प्रभाव देखाउँदै हातमा मणिमय दण्ड लिई निस्के[५८] । त्यसैले दीघनिकायमा अनूदित "श्रामण्यफल" भन्ने मूल सूत्रमा "अनि प्रत्येक पाँचसय हात्तीहरूमा एक एक स्त्री राखी ... प्रस्थान गरे" भनी उल्लेख भएको हो ।

त्यो राजकीय यात्रा यसप्रकारको थियो –

सोह्रहजार राजकीय नर्तकी स्त्रीहरूले घेरा लगाए । यसको अन्ततिर लङ्गडा बाहुन्नेहरू थिए । त्यसको आखिरी तिर अन्तःपुर पालक विश्वासीहरू थिए । त्यसको आखिरीमा रङ्गीविरङ्गी गरी सजाएका साठीहजार महामात्यहरू थिए । त्यसको अन्तमा विविधाकारले अलङ्कृत तथा नानाप्रकारका आयुधहरू हातमा लिएका नब्बेहजार जति विद्याधर तरुण नागरिकहरू थिए । त्यसको लगत्तै पछि सय मूल्य जाने लुगा लगाई पाँचसय मूल्य जाने पछ्यौरा एकांश पारी मुखमा लेप लगाएका सुनका अनेक किसिमका आभरणहरू लगाएका दसहजार जति ब्राह्मणहरू दाहिने हात उठाई जय जयकार गर्दै थिए । त्यसपछि पञ्चाङ्गिक तूर्यहरू र त्यसको अन्तमा धनुषधारीहरूले घेरा लगाएका थिए । त्यसपछि गर्धनले गर्धन जोडेर हिंडेका घोडाहरूको पंक्ति थियो । घोडाको पंक्तिपछि उसले उसलाई छुनेगरी रथपंक्ति थियो । रथपंक्तिको आखिरीमा थपडी बजाइरहेका योद्धाहरू थिए । त्यसपछि आफ्ना आफ्ना आभरणहरूले सुसज्जित अठार पल्टनहरू थिए । जसको छेउमा बसेर कसैले हानेको बाण राजाकहाँ पुग्न सक्तैनथ्यो ।

Downloaded from http://www.dhamma.digital

यसरी संविधान गरी "यदि केही विघ्न भएमा राजाको लागि आफूले ज्यान दिनेछु" भन्ने विचार लिई जीवक कौमारभृत्य राजाको नजिकबाटै हिंडिरहेका थिए । त्यस भीडमा यति सय वा यति हजार चिराकहरू थिए भनी गिन्ति गर्न सकिन्नथ्यो । यस्तो राजकीय लीला गरी राजा जीवकको आम्रवनतिर गए[५९] ।

राजगृह नगरमा चौसट्ठी (६४) वटा स-साना द्वारहरू र बत्तीस (३२) वटा ठूल्ठूला ढोकाहरू थिए[६०] । जीवकको आम्रवन चाहिं नगर प्राकारको र गृद्धकूट पर्वतको बीचमा पर्दथ्यो । अनि पूर्वी ढोकाबाट निस्की पर्वतको छाया भएको ठाउँतिर पुग्न गयो । त्यसबखत पर्वतको टुप्पोले चन्द्रमा छेकिएको थियो । पर्वतको छाया र रुखहरूको छायाले अँध्यारो जस्तो लागेको थियो । त्यसैले मूल सूत्रमा "आम्रवनको नजिकमा पुग्दा राजालाई भय र त्रास लागेको थियो" भनी उल्लेख भएको हो ।

यस सम्बन्धमा अर्थकथाले[६१] यस्तो लेखेको छ – राजालाई भय र त्रास लागेको अँध्यारो भएकोले हो । यो पनि उल्लेख गरेको छ कि अँध्यारो भएर होइन । किन भने त्यहाँ अँध्यारो भनेको छँदै थिएन । त्यहाँ हजारौं चिराकहरू थिए । खास कुरा के थियो भने निःशब्दता देखेर जीवकमाथि राजाको मनमा आशङ्का लागेको थियो । जीवकले चाहिं प्रासादमाथि भनेका थिए कि भगवान् कहाँ जाँदा निःशब्दताले जानुपर्छ । भगवान् निःशब्दप्रेमी हुनुहुन्छ । त्यसैले राजाले बाजागाजाहरू सबै बन्द गराएका थिए । कुरा गर्दा पनि विस्तारै कुरा गर्दै गएका थिए । आम्रवनमा बसिरहेका साँढे बाऱ्हसय भिक्षुहरूको पनि कुनै प्रकारको आवाज सुनिन्नथ्यो । राजाहरू चाहिं होहल्ला

Downloaded from http://www.dhamma.digital

जस्ता आवाजहरू रुचाउने हुन्छन् । अतः उनको मनमा यस्तो आशङ्का लाग्यो –


"यी जीवक मलाई भन्दथे कि आम्रवनमा साँढे बाह्रसय भिक्षुहरू बस्दछन् । यतिका भिक्षुहरू बसेको ठाउँबाट कुनै पनि आवाज आएको सुनिंदैन । मलाई छकाई जीवकले नगर बाहिर ल्याई अगाडितिरबाट सेनाबलहरू ल्याई मलाई समाती आफैले छत्र धारण गर्ने त होइनन् ! यिनमा पाँच हात्तीको बल छ । मेरो नजिकैबाट पनि हिंड्दैछन् । मेरो नजिकमा शस्त्र लिएका अरू मानिसहरू पनि कोही छैनन् । अहो ! मेरो अनर्थ हुनलाग्यो !"

यस्तो मानसिक भय र त्रास भएपछि भय र त्रास लागेको जस्तो नगरी बस्न नसकेपछि आफूमा भय र त्रास भएको कुरा प्रकाश पार्दै राजाले दीघनिकायको सामञ्ञफल-सुत्तमा यसो भनेका हुन् –

"सौम्य जीवक ! के तिमीले मलाई छकाएका त होइनौ ? सौम्य जीवक ! के तिमीले धोका दिएका त होइनौ ! सौम्य जीवक ! के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ ! त्यत्रो ठूलो साँढे बाह्रसय महान भिक्षुसङ्घको न खकारेको आवाज सुनिन्छ न त खोकेको आवाज नै सुनिन्छ न त अरू कुनै आवाज नै सुनिन्छ ।"

राजाको यो कुरा सुनी जीवकले "यी राजाले मलाई चिनेका छैनन् । जीवकले कुनै प्राणीको हत्या गर्दैन भन्ने पनि यिनलाई थाहा छैन । अतः यदि मैले यिनलाई आश्वासन दिइन भने अनर्थ हुनसक्छ" भन्ने सोचे । अनि दृढतापूर्वक आश्वासन दिंदै "महाराज ! नडराउनुहोस् महाराज ! नडराउनुहोस्" भनी जोड दिएर भने । अनि अगाडि वढाउँदै लगी "महाराज ! ऊ त्यो मण्डलमालमा

Downloaded from http://www.dhamma.digital



*पितृहत्या पछि बुद्धको दर्शन गर्न जाँदा सशंकित राजा वैद्य जीवकसंग पनि तर्सिए ।*

बत्ती बल्दैछ । चोर वा शत्रुहरू भए बत्ती बाली बस्दैनन् । यही बत्तीलाई हेरेर अगाडि बढ्नुहोस् !" भनी जीवकले भने[६२] ।

अनि जतिसम्म हात्तीबाट जाने बाटो थियो त्यति सम्म हात्तीमा गई विहारको बहिद्वारमा पुगी हात्तीबाट ओर्ल्हे । हात्तीबाट ओर्ल्हिने बित्तिकै राजाको शरीरमा भगवान्को तेजले प्रभावित पाऱ्यो । अनि त्यतिखेरै राजाको शरीरबाट पसिना निस्कन थाल्यो । कपडाहरू निचोर्नुपर्ने जस्तो भयो । आफूले गरेको अपराधको संस्मरण हुँदा महा भय पनि हुनथाल्यो । अनि राजा सीधा भगवान्कहाँ जान नसकी जीवकको हात समाती आराम चारिका गर्ने जस्तो गरी "सौम्य जीवक ! तिमीले बडो राम्रो गरेका रहेछौ ! यो

Downloaded from http://www.dhamma.digital

तिमीले राम्रो बनायौ ! " भन्दै विहारको वर्णन गरी क्रमशः जहाँ मण्डलमालको दैलो हो त्यहाँ गए । त्यहाँ पुगेपछि नजाने नदेखे जस्तो गरी राजाले " भगवान् कहाँ हुनुहुन्छ नि ?" भनी जीवकसँग सोधे ।

यो सुनेर जीवकलाई यस्तो लाग्यो – "यी राजा पृथ्वीमा बसेर पृथ्वी कहाँ छ भन्ने जस्तो गरी आकाशमा हेरेर चन्द्रमा कहाँ छ भन्ने जस्तो गरी र सुमेरु मुनि बसेर सुमेरु कहाँ छ भन्ने जस्तो गरी दशबलको अगाडि बसेर भगवान् कहाँ हुनुहुन्छ भनी सोध्दैछन् ।"

अनि जीवकले भगवान्लाई नमस्कार गर्दै देखाइ दिए । त्यसैले मूल सूत्रमा "महाराज ! भगवान् यहाँ हुनुहुन्छ । महाराज ! भगवान् यहाँ माझको स्तम्भमा अडेस लिई भिक्षुसङ्घलाई अगाडितिर पारी पूर्वाभिमुख गरी बसिरहनु भएको छ" भनी भनिएको हो ।

जीवकले भगवान्लाई देखाइदिएपछि कसैलाई बाधा नहुने ठाउँको एक छेउमा राजा उभिरहे । अनि त्यहाँ भेला भएका त्यतिका राजपरिषद् र त्यतिका स्त्रीहरूप्रति शान्त स्वभाव भएका कुनै पनि भिक्षुको आँखा नगएको देखेर तथा कुनै पनि भिक्षुको हात खुट्टा चलमल भएको नदेखेर राजा सारै प्रभावित भए । अनि बार बार स्वच्छ तथा निर्मल भई शान्तेन्द्रिय भएका भिक्षुसङ्घमाथि हेरी "अहो मेरो छोरा उदयभद्र पनि यसरी नै शान्त भइदिए कति राम्रो हुन्थ्यो" भन्ने उद्गार प्रकट गरे ।

उद्गारको रहस्य चाहिं राजाको मनमा अर्कै थियो । जब उनले शान्त भएका भिक्षुसङ्घ देखे तब झ्वास्स उनको मन छोरामाथि पर्नगयो । छोरा पनि यस्तै शान्त भए हुन्थ्यो भनी भनेको मतलब यस्तो थियो –

Downloaded from http://www.dhamma.digital

"मेरो छोरा अहिले बालक नै छ । मलाई तन्नेरी देखेर उसले बाजे खोइ त भनी सोध्न सक्छ । अनि बाजेलाई छोराले मारे भन्ने सुनेर उसको मनमा पनि त्यसोभए मैले पनि मेरा बुबालाई मारेर राज्य लिनुपर्‍यो भनी ठान्न सक्छ । अहो ! उसको मनमा यस्तो नभइदिए हुन्थ्यो भन्ने कुरामा ध्यान दिई उनले 'अहो ! मेरो छोरा पनि यस्तै शान्त भए हुन्थ्यो' भनी भनेका हुन्[६३] ।"

नभन्दै पछि उदयभद्रले आफ्ना बाबु अजातशत्रुलाई मारिहाले[६४] । यति मात्र होइन पाँच पुस्तासम्म यिनीहरूका खान्दानमा छोराले बाबुलाई मारेका थिए ।

अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई मारे । उदयभद्रले आफ्ना पिता अजातशत्रुलाई मारे । महामुण्डिकले आफ्ना पिता उदयभद्रलाई मारे । अनुरुद्धले आफ्ना पिता महामुण्डिकलाई मारे । नागदासले आफ्ना पिता अनुरुद्धलाई मारे । नागदासलाई चाहिं यो वंशघातक हो भनी नागरिकहरूले मारे[६५] ।

भिक्षुसङ्घलाई हेरी अजातशत्रु राजा उभिरहेको बेलामा भगवान्ले "मैले कुरा ननिकालेसम्म राजाले मसँग कुरा गर्न सक्ने छैनन्" भन्ने कुरा बुझ्नुलाई उनले उद्गार प्रकट गरेपछि "राजा ! तपाईंले प्रेम अनुरूप आचरण गर्नुभयो" भनी भगवान्ले कुरा निकाल्नु भयो । अनि राजाको मनमा यस्तो लाग्यो ।

"अहो आश्चर्य बुद्धगुण ! मजस्तो अपराधी कोही छैन । मैले भगवान्का अग्रउपस्थाक राजालाई हत्या गरें । देवदत्तको कुरा सुनी बुद्धलाई मार्नका लागि मानिसहरू पठाएँ । मेरो सहायता पाई देवदत्तले ढुङ्गा खसाले । नालागिरिजस्तो प्रचण्ड हात्तीलाई मैले छाडिदिएँ । यस्ता

Downloaded from http://www.dhamma.digital



*राजालाई सामञ्‍ञफल सूत्रको देशना गर्नु हुँदै भगवान् बुद्ध ।*

अपराधीसँग प्रसन्न मुद्रामा भगवान् कुरागर्दै हुनुहुन्छ । अहो ! भगवान् कति अकम्प्य हुनुहुन्छ ! यस्ता शास्तालाई छाडी बाहिरका अरू कुनै पनि शास्ताको उपासना गर्नेछैन" भन्ने मनमा राखी अत्यन्त प्रसन्न भई भगवान्‌लाई अभिवादन गरी भिक्षुसङ्घलाई नमस्कार गरी राजा एक छेउमा वसे[६६] ।

त्यसपछि केही कुरा सोध्न चाहन्छु भनी राजाले आज्ञा मागे । भगवान्‌ले पनि उनलाई प्रश्न सोध्न उत्साहित

Downloaded from http://www.dhamma.digital

पार्नुहुँदै "सोध्नुहोस् राजन् ! जे चाहनुहुन्छ त्यो सोध्नुहोस्" भनी भन्नुभयो । त्यसपछि राजाले आफूलाई लागेका कुराहरू सोधे । भगवान्‌ले उत्तर दिनुभयो[६७] ।

## उपासकत्व ग्रहण

भगवान्‌को उपदेश सुनिसकेपछि राजा अत्यन्त प्रसन्न भई "धन्य ! धन्य !!" भन्दै लोकोत्तर र लौकिक शरणहरूमध्ये लौकिक शरण लिंदै बुद्ध, धर्म र सङ्घको शरणमा गई राजाले आजीवन उपासकत्व ग्रहण गरे ।

यसपछि राजाले भगवान्‌सँग क्षमा पनि मागे । भविष्यमा संयम गर्ने प्रतिज्ञा पनि गरे । जुन कुरा आर्यविनयअनुसार अभिवृद्धिको चिह्न हो । भगवान्‌ले पनि क्षमा गर्नुभयो । अनि "धेरै काम छ" भन्दै भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी राजा फर्के ।

राजा गइसकेपछि भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान्‌ले "भिक्षु हो ! यदि राजाले पितृघात नगरेका भए यसै आसनमा उनलाई मार्गफल प्राप्ति हुने थियो । किन्तु उनले आफ्नो खाडल आफैले खने जस्तै पितृघात गरेका हुनाले मार्गफल प्राप्त गर्न सकेनन्" भनी भन्नुभयो[६८] ।

मज्झिमनिकायको बहुधातक सूत्रले "(१) दृष्टि-सम्पन्न पुरुषले मातृहत्या गर्न सक्छ भन्ने कारण सक्दैन । बरु पृथक्‌जनले मातृहत्या गर्न सक्छ भन्ने कारण हुन सक्छ । (२) दृष्टिसम्पन्न पुरुषले पितृहत्या गर्न सक्छ भन्ने कारण हुन सक्दैन । बरु पृथक्‌जनले पितृहत्या गर्नसक्छ

Downloaded from http://www.dhamma.digital

भन्ने कारण हुनसक्छ । (३) दृष्टिसम्पन्न पुरुषले अरहन्तको हत्या गर्न सक्छ भन्ने कारण हुन सक्दैन । बरु पृथक्जनले अरहन्तको हत्या गर्न सक्छ भन्ने कारण हुन सक्छ । (४) दृष्टिसम्पन्न पुरुषले द्वेषचित्त लिई तथागतको शरीरबाट रक्तपात गराउन सक्छ भन्ने कारण हुन सक्दैन । बरु पृथक्जनले तथागतको शरीरबाट रक्तपात गराउन सक्छ भन्ने कारण हुन सक्छ । (५) दृष्टिसम्पन्न पुरुषले सङ्घभेद गर्नसक्छ भन्ने कारण हुन सक्दैन । बरु पृथक्जनले सङ्घभेद गर्न सक्छ भन्ने कारण हुन सक्छ र (६) दृष्टिसम्पन्न पुरुषले अरू शास्ता (धर्म गुरु) लाई मान्न सक्छ भन्ने कारण हुन सक्दैन । बरु पृथक्जनले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुन सक्छ" भनी जुन कुरा उल्लेख गरेको छ त्यसबाट हामी भन्न सक्छौं कि अजातशत्रु राजा पृथक्जन भएकाले नै उनले पितृघातको अपराध गरेका हुन् । यो कर्म चाहिँ पञ्चआनन्तरिय कर्ममध्ये एक हुन गएको छ । जुन कर्म हुँदा यस जीवनमा कुनै मार्गफल प्राप्त गर्न सक्दैन । किनभने मातृघात, पितृघात, अरहन्तघात, बुद्धको शरीरबाट रक्तपात, सङ्घभेद तथा दुष्प्राज्ञताले कुनै हातलमा पनि यस जीवनमा मार्गफल प्राप्त गर्न सक्दैन भनी अङ्गुत्तरनिकाय छक्कनिपातको वोरोपित र ततिय अभब्बट्ठानसुत्तंले उल्लेख गरेका छन् । पञ्चआनन्तरिय कर्मको सम्बन्धमा विश्लेषण भएको कुरा पपञ्चसूदनीको बहुधातुकसुत्तवर्णनामा उल्लेख भएको पाइन्छ ।

यद्यपि यो धर्मोपदेश सुनी राजाले कुनै मार्गफल प्राप्त गर्न सकेनन् । तर यसबाट राजाले धेरै आश्वासन पाई धेरै मानसिक शान्ति पाएका थिए । जहिलेदेखि यी राजाले आफ्ना पिताको हत्या गरे – त्यसबेलादेखि दिन वा

Downloaded from http://www.dhamma.digital

रातमा सुत्दा यिनी राम्ररी निदाउन सकेका थिएनन् । शास्ता छेउ आएर मधुर धर्मोपदेश सुनेपछि राम्ररी निदाउन पनि सके । यति मात्र होइन त्यस समयदेखि यिनले बुद्धशासनको लागि ठूलो सत्कार पनि गरे । पृथक्जन श्रद्धा राख्नेहरूमध्येमा यिनी जस्ता ठूला अरू कोही थिएनन् भनी सुमङ्गलविलासिनीले[६९] उल्लेख गरेको छ भने शक्र देवेन्द्रले पनि त्यस्तै भनेको कुरा महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको पाइन्छ[७०] ।

भविष्यमा उनी 'विजितावी' भन्न प्रत्येकबुद्ध भई परिनिर्वाण हुने छन् भनी सामञ्ञफल सूत्र वर्णनाले[७१] उल्लेख गरेको छ । यी सबै धर्मश्रवणको प्रत्यक्ष फल हो भनी भन्न सकिन्छ ।

## विविध पक्ष

एकदिन देवदत्तका उपस्थाक उपक मण्डिकापुत्र गृद्धकूटमा बसिरहनुभएका भगवान्कहाँ गई देवदत्तको बारेमा बुद्धले के भन्दा रहेछन् भन्ने कुरा जान्नको लागि त्यहाँ गए । त्यसबखत उनले भगवान्लाई होच्याएर कुरा गरेका थिए । पछि त्यहाँबाट फर्केर आई उनी अजातशत्रु राजाकहाँ गई भगवान्सँग यस्तो यस्तो ढङ्गले कुरा गरी आएँ भनी सुनाउँछ । रिसाएका राजाले उनलाई निकालि दिए[७२] ।

एकदिन भेला भएका तीर्थियहरूले यस्तो कुरा गर्न थाले –

Downloaded from http://www.dhamma.digital

"आवुसो ! तिमीलाई थाहा छ के भगवान् बुद्धलाई के कारणले लाभसत्कार भएको हो ?"

"अहँ, थाहा छैन ।"

"तिमीलाई थाहा छ त ?"

"मलाई थाहा छ । भगवान् बुद्धका महामौद्गल्यायन भन्ने एकजना शिष्य छन् । तिनी देवलोक र नरकलोकमा गई आउँछन् । अनि मानिसहरूलाई 'यस्तो यस्तो गरेमा देवलोकमा उत्पन्न हुइन्छ' र यस्तो गरेमा नरकलोकमा उत्पन्न हुइन्छ' भनी उनी सुनाउँछन् । यो सुनेर मानिसहरू धेरै सत्कार गर्छन् यदि हामीले उनलाई मार्न सक्यौं भने सो लाभसत्कार हामीले नै पाउन सक्दछौं ।"

त्यसपछि उनीहरू सबैको ऐक्यमत भएपछि एक उपायद्वारा उनलाई मार्नुपर्छ भन्ने कुरामा सहमत भए ।

त्यसपछि आफ्ना एकजना अनुयायीलाई भनी पैसा लिई मानिस मारी हिंड्ने चोरहरूलाई बोलाउन लगाई 'महामौद्ल्यायन कालशिलामा बस्दैछन् । तिमीहरू त्यहाँ गई उनलाई मार' भनी पैसा दिए । वहाँ गई उनीहरूले महामौद्गल्यायनलाई मारे । अनि यो कुरा सारा जम्बुद्वीपमा फैलियो । अजातशत्रु राजाले ती मानिसहरूलाई समात्नको लागि चरपुरुषहरू ठाउँठाउँमा पठाए ।

एकदिन ती चोरहरू रक्सी पिई आपसमा झगडा गर्दै "के तिमीले मौद्गल्यायनलाई पहिले हानेको हो र ! मैले हानेको होइन र !" भन्दै कुटाकुट गरिरहेको देखेर तिनीहरू सबैलाई समाती चरपुरुषहरू राजाकहाँ गए । अनि राजाले "तिमीहरूले महामौद्गल्यायनलाई मारेका हौ ?" भनी सोध्दा "हो" भनी भनेपछि "कसले भनेर तिमीहरूले

Downloaded from http://www.dhamma.digital

मारेका हौ त ?" भनी सोध्दा "नांगा साधुहरूले भनेर" भनी भनेपछि राजाले पाँचसय जति नांगा साधुहरूलाई समात्न लगाई पाँचसय चोरहरूका साथ राजाङ्गणमा कम्मरसम्म जाने खाल्डोमा राखी परालले छोपी त्यसमा आगो लगाउन लगाए[७३] ।

अङ्गुत्तरनिकाय सत्तकनिपातको वस्सकार सूत्रअनुसार एक दिन भगवान् राजगृहको गृद्धकूटमा बसिरहनु भएको थियो । त्यसबखत राजा अजातशत्रु वृजीहरूमाथि हमला गर्न चाहन्थे । वृजीहरू चाहिं त्यसबखत बडा बलिया तथा सुसङ्गठित थिए । तैपनि राजा उनीहरूमाथि हमला गर्न चाहन्थे । अनि वस्सकार *(=वर्षकार)* महामात्यलाई बोलाई "वृजीहरूमाथि हमला गर्न सकिन्छ कि सकिन्न" भन्ने कुरा बुझ्न भगवान्कहाँ पठाए । त्यसबेला भगवान्ले पछिल्तिर उभिई पङ्खा हम्काइरहेका आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! जबसम्म वृजीहरू एक मेल भई बस्छन् तबसम्म उनीहरूलाई केही गर्न सकिंदैन" भनी सप्त अपरिहानिको कुरा भन्नुभयो ।

यो कुरा वस्सकारले अजातशत्रु राजालाई सुनाए । अनि केही चालबाजी खेली वस्सकारद्वारा तीन वर्षको समयमा वृजीहरूलाई फूट गराउन सफल भए । अनि राजालाई खबर पठाई वृजीहरूमाथि कब्जा गराउन लगाए ।

त्यसबखत गङ्गाको किनारमा भएको पत्तन भन्ने गाउँको कारणमा वृजी र मगधको बीच समय समयमा झगडा हुन्थ्यो । यो पत्तन गाउँको आधा भागमा वृजीपुत्रीहरूको र अर्को आधा भागमा अजातशत्रुको आज्ञा चल्थ्यो[७४] ।

Downloaded from http://www.dhamma.digital

अजातशत्रुले आफ्ना पितालाई हत्या गरेको आठौं वर्ष पुग्दा उत्ता भगवान् बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो । त्यसैले महावंसमा "अजातसत्तुनो वस्सो अट्ठमे मुनि निब्बुतो" भनी उल्लेख भएको हो ।

भगवान् परिनिर्वाण भएको समाचार अजातशत्रु राजाको राजदरबारमा पुग्यो । यो समाचार सुनेर अमात्यहरूले सोच्न थाले – "शास्ता परिनिर्वाण हुनुभयो । अब उहाँलाई फर्काउन सकिने छैन । पृथक्जन श्रद्धा हुनेहरू मध्येमा हाम्रा राजा जस्ता श्रद्धा हुने अरू कोही छैनन् । यदि यो समाचार उहाँले यत्तिकैमा सुन्नुभयो भने उहाँको मुटु पनि फुट्न सक्नेछ । अतः हामीले राजाको रक्षा गर्नुपर्छ ।"

यति सोचेर उनीहरूले तीनवटा सुनको द्रोणी ल्याई त्यसमा चतुमधुयुक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं । त्यसको कुफल हटाउनको लागि तपाईं गर्धनसम्मको पानीमा डुबी स्नान गर्नुहोस्" भनी भने । अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने ।

अनि एक अमात्यले अलङ्कारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुई हात जोरी राजालाई बिन्ती गरे –

"देव ! मरणबाट बच्न सक्ने कुनै छैनन् । हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा उहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

यति सुन्नेबित्तिकै राजा बेहोस भई चतुमधुयुक्त पानी भएको द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को

Downloaded from http://www.dhamma.digital

द्रोणीमा बसाए । होस आएपछि उनले "तात ! के भनेका हौ ?" भनी सोधे ।



*तथागत बुद्ध महापरिनिर्वाण शय्यामा ।*

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

फेरि पनि राजा बेहोस भई चतुमधुयुक्त पानी भएको द्रोणीमा लडे । अनि उनलाई त्यहाँबाट उचाली तेस्रो द्रोणीमा बसाए । होस आएपछि फेरि राजाले "तात ! के भनेका हौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

राजा फेरि बेहोस भए । अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी खन्याइदिए ।

होस आएपछि राजा आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छाती पिट्दै छातीमा हात

Downloaded from http://www.dhamma.digital

राखी रोए । यत्तिकैमा बहुला जस्तो भई राजा बाटो लागे । अनि अलंकृता नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवान्ले अघि धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान् ! यस ठाउँमा बस्नुभई तपाईंले अघि धर्मोपदेश गर्नुभएको होइन ? मेरो शोकशल्यलाई दूर गरिदिनु भएको होइन ? तपाईंले मेरो शोकशल्यलाई झिकी दिनुभयो । अनि म तपाईंको शरणमा परें । अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न !" यसरी बार बार रोई "अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घसंहित भगवान् जम्बुद्वीपमा चारिकार्थ जानुभयो" भन्ने सुन्दथें । अहिले चाहिं कुनै अनुरूप खबर सुनिंदैन । यस्तो भन्दै साठीवटा जति गाथाद्वारा भगवान्को अनुस्मरण गरी "अब रुवाईबाट केही सिद्ध हुने छैन । बरु दशबलको अस्थिधातुहरू ल्याउन लगाउन पर्‍यो" भन्ने सोचे[७५] ।

यसरी भगवान् परिनिर्वाण भएको समाचार सुनी बेहोसमा परी पछि राजाले भगवान्का अस्थिधातुहरू ल्याउनको लागि कुशीनगरमा पत्रसहित दूतहरू पठाए । यति पठाइसकेपछि राजाले फेरि यस्तो सोचे "यदि धातु दिए ठीकै छ । होइन भने ल्याउन उपाय गर्नेछु ।" यति सोची चतुरङ्गिणी सेनाका साथ आफू पनि निस्के[७६] ।

त्यसैले दीघनिकायको महापरिनिब्बान-सुत्तमा **"अस्सोसि खो राजा मागधो अजातशत्तु वेदेहिपुत्तो – 'भगवा किर कुसीनारायं परिनिब्बुतो'ति ।' अथ खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो कोसिनारकानं मल्लानं दूतं पाहेसि – भगवा पि खत्तियो अहं पि खत्तियो । अहं पि अरहामि भगवतो सरीरानं भागं । अहं पि भगवतो सरीरान थूपं च महं च करिस्सामी'ति[७७] ।"**

Downloaded from http://www.dhamma.digital

अर्थ –

"मगधका राजा वैदेहीपुत्र अजातशत्रुले – 'भगवान् कुशीनगरमा परिनिर्वाण हुनुभयो' भन्ने खबर सुने । अनि मगधका राजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरमा मल्लहरूकहाँ दूत पठाए – 'भगवान् पनि क्षत्री हुनुहुन्छ र म पनि क्षत्री हुँ । मैले पनि भगवान्‌को शरीरको भाग पाउनुपर्छ । म पनि भगवान्‌को शरीरको स्तूप बनाई महोत्सव गर्नेछु ।' "

यस्तै गरी वैशालीका लिच्छवीहरूले, कपिलवस्तुका शाक्यहरूले, अल्पकप्पका बुलयहरूले, रामग्रामका कोलीय-हरूले, वेठद्वीपका ब्राह्मणहरूले र पावाका मल्लहरूले पनि भगवान्‌को शरीरधातु माग्न पठाएका थिए[७८] ।

जब यी सबैका सबैले "या त भगवान्‌को शरीर धातु देऊ या त युद्ध" भनी भन्नथाले तब त्यहाँ केहीछिन ठूलो खलबल हुनथाल्यो । अनि जम्बुद्वीपका सबै जसो राजाहरूका गुरु हुने द्रोण ब्राह्मण त्यसबखत कुशीनगरमा थिए । अनि उनले सम्झाएपछि शान्त भए र द्रोण ब्राह्मणकै सुझाउ अनुसार अस्थिधातुहरू आठ भागमा विभाजन गरिदिए[७९] ।

Downloaded from http://www.dhamma.digital



*राष्ट्र राष्ट्रका बीच हुनलागेको युद्धलाई टार्दै द्रोण ब्राह्मणद्वारा बुद्धको अस्थिधातु आठ भागमा विभाजन गर्दै ।*

# धातु पूजा र स्तूप निर्माण

कुशीनगरबाट राजगृहसम्म २५ योजन छ । यस बीचमा आठ उसभ[८०]सम्मको बाटो सम्याई जस्तो मल्ल राजाहरूको मकुटबन्धन र संस्थागारको बीचमा पूजा गरे त्यसैगरी २५ योजन बाटोमा पूजा गरी लोकवासीहरूलाई शान्त्वना दिंदै सबै बजारहरूमा सुवर्णमय द्रोणीमा राखिएको धातुहरूलाई तीरको परिक्षेपद्वारा आरक्षा गरी आफ्नो राज्यको ५०० योजन मण्डलभित्र मानिसहरू भेला गराए ।

Downloaded from http://www.dhamma.digital

धातुहरूलाई कुशीनगरदेखि साधुक्रीडा गर्दै निस्की जहाँ जहाँ सुवर्ण वर्ण फूलहरू देख्छन् त्यहाँ त्यहाँ तीरको परिक्षेप भित्र राखेका धातुहरूको पूजा गरे । त्यहाँ चढाएका फूलहरू ओइलाएपछि उनीहरू त्यहाँबाट प्रस्थान गर्छन् । देशको मुख्य भागमा र अन्तिम भागमा पुग्दा एकसातासम्म साधुक्रीडा गर्छन् । यस प्रकारले धातुहरू लिई आउनलाई ७ वर्ष ७ महिना र ७ दिन लाग्यो [८१] ।

मिथ्यादृष्टिकहरू "श्रमण गौतमको परिनिर्वाण भएदेखि बल जवरजस्ती गरी साधुक्रीडा गराउन लगाएबाट हाम्रा कामधाम सबै विनाश भयो" भन्दै कराउन थाले । यसरी कुरा गरी चित्त प्रसन्न गर्नुपर्ने ठाउँमा चित्त बिगारी अपायमा गएका मानिसहरू ८४ हजार थिए भने चित्त प्रसन्न गरी स्वर्ग जाने मानिसहरू पनि असंख्य अप्रमेय थिए भनी पेतपत्थु अर्थकथाले [८२] उल्लेख गरेको छ । क्षीणास्रवी भिक्षुहरूले आवर्जन गर्दा "मन बिगारी अप्रसन्न भई मानिसहरू अपाय *(नरक)* मा गएका" देखेर "शक्र देवेन्द्रलाई भनेर चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गराउनु पऱ्यो" भनी शक्र देवेन्द्रकहाँ गई शक्रलाई "महाराज ! चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गर्नुपऱ्यो" भनी भने यो सुनेर शक्रले भन्दछन् – "भन्ते ! पृथक्जन मानिसहरू मध्येमा अजातशत्रुजस्ता श्रद्धा हुने अरू कोही छैनन् । उनले मेरो कुरा सुन्ने छैनन् । बरु हामीले भयावह गरी आवाजहरू सुनाउनेछौं । महाशब्द सुनाउनेछौं । यक्ष आदिको दृश्य देखाउनेछौं । अनि तपाईंहरूले 'महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउनुहोस्' भनी भन्नुहोस् । यसरी उनले चाँडै ल्याउनेछन् ।" शक्र देवेन्द्रले आफूले भने जस्तै गरे ।

Downloaded from http://www.dhamma.digital

राजाकहाँ गई स्थविरहरूले "महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउन लगाउनुहोस्" भनी भने ।

"भन्ते ! जबसम्म मेरो चित्त सन्तोष हुने छैन तबसम्म ल्याउने छैन" भनी भने । फेरि राजाले उनीहरूको कुरामा सोचविचार गरी "हुन्छ धातुहरू चाँडै ल्याउँनू" भन्ने आज्ञा दिए । सातदिनपछि धातुहरू ल्याइपुऱ्याए ।

यसरी ल्याइ पुऱ्याएका धातुहरू राखी राजगृहमा स्तूप बनाइ महोत्सव पनि गरे[८३] । अरूहरूले पनि आ-आफ्नो ठाउँमा स्तूप बनाई महोत्सव गरे भनी अट्ठकथाले[८४] उल्लेख गरेको छ ।

अजातशत्रु राजाद्वारा राजगृहमा बनाइएको यो स्तूपको कारणबाट दुईजना आईमाईहरू दिव्यलोकमा पुगेका कुरा विमानवत्थु अट्ठकथामा[८५] उल्लेख भएको पाइन्छ । अब जम्बुद्वीपमा शरीरधातुहरू भएका स्तूपहरू आठवटा र शरीरधातुहरू नापेको 'तुम्ब' राखी बनाएको एउटा र चिताका अङ्गारहरू राखेर बनाएको एउटा गरी जम्मा दसवटा (१०) स्तूपहरू भए[८६] ।

एकदिन महाकश्यप महास्थविरले भविष्यमा यी धातुहरूको बिघ्न हुने कुरा जानी राजा अजातशत्रुकहाँ गई "महाराज ! धातुनिधान गर्नुपर्छ" भनी भन्नुभयो ।

"हुन्छ भन्ते ! धातुनिधान गर्ने काम मेरो जिम्मा भयो । तर भन्ते ! बाँकी धातुहरू कसरी ल्याउने त ?"

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईंको होइन । त्यो त हामीहरूको हो ।"

Downloaded from http://www.dhamma.digital

"हुन्छ त भन्ते ! त्यसोभए तपाईंहरूले धातुहरू ल्याउनुहोस् म निधान कार्य गर्नेछु ।"

अनि महास्थविर त्यस त्यस राजकुलमा गई पूजाआजा गर्नको लागि चाहिने मात्र राख्न लगाई बाँकी धातुहरू ल्याउनुभयो । रामग्राममा चाहिं नागहरूले धातुहरू लिई राखेको हुँदा त्यहाँ बिघ्न हुने छैन[८७] । त्यहाँका धातुहरू भविष्यमा लङ्कास्थित महाविहारको महाचैत्यमा रहनेछन् भनी त्यहाँका धातुहरू चाहिं नलिई बाँकी सात नगरहरूबाट धातुहरू ल्याई राजगृहको पूर्वदक्षिण दिशातिर उभिई "यो ठाउँमा जुन ढुङ्गाहरू छन् ती सबै लोप होउन् । धूलो सफा होस् । पानी ननिस्कियोस्" भनी महास्थविरले अधिष्ठान गर्नुभयो ।

राजाले त्यस ठाउँमा खन्न लगाई त्यसबाट आएको माटोको ईंट बनाउन लगाई असीतिमहाश्रावकहरूको लागि चैत्यहरू बनाए । "यहाँ राजा के गर्दैछन् ?" भनी सोध्दा "महाश्रावकहरूको लागि चैत्यहरू बनाउँदै छन्" भनी भन्दछन् । धातुनिधान गर्ने भनी कसैलाई भन्दैनन् । असी हात (८०) जति गहिरो खनिसकेपछि त्यहाँ फलाम ओछ्याई त्यसमाथि थूपारामको (लङ्काको) घरजत्रै घर बनाउन लगाई आठ आठवटा हरिचन्दनका सन्दूक र स्तूपहरू बनाउन लगाए । अनि भगवान्का धातुहरू ती हरिचन्दनका सन्दूकमा राखी ती सन्दूकहरू अर्का हरिचन्दनका सन्दूकहरूमा राखी यस्तै प्रकारले आठवटा हरिचन्दनका सन्दूकमा राखे । अनि ती आठवटा सन्दूकहरू आठवटा स्तूपमा राखे । यी आठवटा हरिचन्दनका स्तूपहरू अर्का आठवटा लोहितचन्दनका सन्दूकमा राखे । यी आठवटा लोहितचन्दनका स्तूपहरू अर्का आठवटा दन्तमय सन्दूकमा राखे । यी आठवटा दन्तमय सन्दूकहरू आठवटा दन्तमय

Downloaded from http://www.dhamma.digital

स्तूपहरूमा राखे । यी आठवटा दन्तमय स्तूपहरू अर्को आठवटा रत्नमय स्तूपहरू अर्को आठवटा स्तूपहरू अर्को आठवटा सुवर्णमय स्तूपमा राखे । यी आठवटा सुवर्णमय स्तूपहरू अर्को आठवटा चाँदीका सन्दूकमा राखे । यी आठवटा चाँदीका आठवटा स्तूपहरू अर्को आठवटा मणिमय सन्दूकमा राखे । यी आठवटा मणिमय स्तूपहरू अर्को आठवटा राता मणिका सन्दूकमा राखे । यी आठवटा राता मणिका सन्दूकहरू आठवटा राता मणिका स्तूपमा राखे । यी आठवटा राता मणिका स्तूपहरू अर्को आठवटा मसारगल्लका सन्दूकमा राखे । यी आठवटा मसारगल्लका सन्दूकहरू आठवटा मसारगल्ल स्तूपमा राखे । यी आठवटा मसारगल्लका स्तूपहरू अर्को आठवटा मणिमय सन्दूकमा राखे । यी आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे ।

सबभन्दा माथिल्लो मणिमय स्तूप थूपाराम (लङ्काको) चैत्य जत्रै थियो । त्यसको माथि रत्नमय घर बनाए । त्यसको माथि सुनको, त्यसको माथि चाँदीको, त्यसको माथि तामाको र त्यसमाथि फलामको घर बनाए । अनि रत्नमय बालुवा छरी जलज स्थलज हजारौं फूलहरू छरी ५५० जातकहरू, असीति महाश्रावकहरू, शुद्धोदन महाराजा, महामायादेवी र सिद्धार्थ कुमारसँग जन्मेका र उत्पन्न भएका सात वस्तुहरू सबै सुवर्णमय बनाई पाँच पाँच सय सुन र चाँदीका पूर्णघडाहरू राख्न लगाए । पाँचसय सुवर्णमय ध्वजाहरू फैलाए । पाँचसय सुनका पाला र पाँचसय चाँदीका पालाहरू बनाउन लगाई त्यसमा सुगन्धित तेल राखी कपडाको बत्ती बाले । त्यसपछि महाकश्यप महास्थविरले "फूलमाला नओइलाउन् र सुगन्ध नहराउन् तथा बत्ती ननिभियोस्" भनी अधिष्ठान गरी "भविष्यमा प्रियदास भन्ने कुमार छत्र धारण गरी अशोक

Downloaded from http://www.dhamma.digital

धर्मराजा हुने छन् । उनले यी धातुहरू फैलाउने छन्" भनी सुनको पातामा अक्षर लेखाउनु भयो ।

सर्वप्रकारका आभूषणहरूद्वारा पूजा गरी अजातशत्रु राजा शुरुदेखि दैलो थुन्दै बाहिर निस्के । तामा र फलामका दैलाहरू थुनेर चुकुलको डोरीमा ताल्चा भुन्डाई त्यहींनिर एक ठूलो मणिको डल्लो राखी "भविष्यमा हुने दरिद्र राजाले यो मणिको डल्लो लिई धातुहरूको पूजा सत्कार गरुन्" भनी अक्षर लेखाउन लगाए ।

शक्र देवराजाले विश्वकर्मालाई बोलाई "तात ! अजातशत्रुले धातुनिधान गरे । त्यहाँ आरक्षा गर" भनी पठाए । त्यहाँ आई उनले बाजा बज्ने यन्त्र राखे । धातुगर्भमा स्फटिकको तरबार लिएका काठका रूपहरू वायुवेगले घुम्ने यन्त्र राखी एउटै चक्कामा बाँधिदिए । अनि चारैतिरबाट ढुङ्गाको पर्खाल लगाई एउटा ढुङ्गाले माथि छोपी माटो छरी जमिन जस्तै सम्म गरी त्यसमाथि ढुङ्गाको चैत्य राखिदिए ।

यसरी धातुनिधानका काम सिद्धिएपछि आयु छउञ्जेल बसी महाकश्यप महास्थविर परिनिर्वाण हुनुभयो[८८] । अजातशत्रु पनि कर्मानुसार गए । मानिसहरू पनि मरे[८९] ।

## धर्मसङ्गायनमा मदत

अजातशत्रुले राज्य गरेको आठौं वर्षमा भगवान् बुद्ध कुशीनगरमा परिनिर्वाण भएको कुरा माथि उल्लेख भइसकेको छ ।

Downloaded from http://www.dhamma.digital

अनि भगवान् परिनिर्वाण भएर एक हप्ता साधुक्रीडा र एक हप्ता धातुपूजा गरी दुई हप्ता बितिसकेपछि गृष्म ऋतुको डेढ महीना बाँकी छँदा वर्षावास बस्ने समय पनि निकट आएपछि सातलाख (७००,०००) भिक्षुसङ्घका नायक[१०] हुनु भएका महाकश्यप महास्थविरले केही दिन अघि राजगृहमा वर्षावास गरी उहीं धर्मसङ्गायना गर्ने भन्ने निर्णय गर्नु भए अनुसार भिक्षुहरूलाई सम्बोधन गर्नुभई "आवुसो ! राजगृहमा जाऔं" भनी भन्नुभई आधा परिषद् लिई आफू राजगृह जानको लागि एउटा बाटो लाग्नुभयो । अनुरुद्ध महास्थविर पनि आधा परिषद् लिई राजगृह जानको लागि एउटा बाटो लिनुभयो । आनन्द महास्थविर चाहिं श्रावस्ती भएर राजगृह जानेछु भन्ने विचार गरी भगवान्का पात्र चीवर लिई भिक्षुसङ्घसहित श्रावस्तीमा जानुभयो[११] ।

महाकाश्यप र अनुरुद्ध महास्थविरहरू राजगृह पुगिसकेपछि "भगवान्ले पनि विहार प्रतिसंस्करण गर्नेमा प्रशंसा गर्नुभएको छ" भन्दै उहाँहरूले सबभन्दा पहिले विहारहरू सुग्घर सफा तथा जीर्णोद्धार गर्ने निश्चय गर्नुभयो । त्यसबखत राजगृहमा अट्ठार (१८) वटा महाविहारहरू थिए[१२] ।

अनि दोस्रो दिनमा स्थविररू राजद्वारमा उभिन जानुभयो । राजा अजातशत्रु आई अभिवादन गरी "भन्ते ! के कामले आउनु भएको हो र मैले के गर्नुपर्‍यो ? भनी सोधेपछि स्थविरहरूले अठार महाविहारहरू प्रतिसंस्करण र सफा सुग्घर गर्नको लागि हस्तकर्म चाहियो भनी सूचित गरे ।"

"हुन्छ, हवस्" भनी राजाले हस्तकर्मको लागि मानिसहरू पठाईदिए । पहिलो महीनाभरी सबै विहारहरू प्रतिसंस्करण गरिसकेपछि राजालाई भने –

Downloaded from http://www.dhamma.digital

"महाराज ! प्रतिसंस्करणको काम सिद्धिसकियो । अब धर्म र विनयको संग्रह गर्नेछौं ।"

"हुन्छ भन्ते ! विश्वस्त भई गर्नुहोस् । मेरा आज्ञा चक्र होस्, तपाईंहरूको धर्म चक्र होस् । भन्ते ! आज्ञा दिनुहोस् मैले के गर्नुपर्‍यो ।"

"महाराज ! धर्मसंग्रह गर्नेहरूको लागि बस्ने ठाउँ चाहियो ।"

"भन्ते ! कहाँ बनाउँ त ?"

"महाराज ! वेभार पर्वतको सप्तपर्णी गुफाद्वारमा बनाउन योग्य हुनेछ ।"

"हवस् भन्ते" भनी अजातशत्रु राजाले विश्वकर्माले बनाएजस्तै गरी अति सुन्दर सुरम्य तथा सुविभक्त भित्ता, भऱ्याङ र स्तम्भहरू भएको पाँचसय भिक्षुहरू अटाउने ब्रह्मविमान जस्तै महामण्डप बनाई भव्यरूपले फूलमाला आदिहरूले सिंगारपटार गरी चँदुवा टाँगी भिक्षुहरू बस्न योग्य *(कप्पिय)* आसनहरू ओछ्याई मण्डपको बीचमा दक्षिणतिर अडेस लिई उत्तराभिमुख हुने गरी थेरासन राखे । मण्डपको बीचमा पूर्वाभिमुख हुने गरी बुद्ध भगवान्‌लाई योग्य हुने गरी आसन राखी दन्तमा जडिएको पङ्खा पनि राखे । अनि राजाले "भन्ते ! मेरो काम सम्पन्न भयो" भनी भिक्षुसङ्घलाई निवेदन गराए[९३] । त्यसैले इतिवुत्तक अट्ठकथाको निदानवण्णनामा[९४] अजातशत्रुले बनाउन लगाएको सद्धर्म मण्डपमा बसी महाकाश्यप प्रमुख उपालि, आनन्दसहित भिक्षुहरूले धर्मसङ्गायना गरे … " भनी उल्लेख भएको हो ।

जातक अट्ठकथा[९५] अनुसार अजातशत्रु राजाकी महारानी प्रसेनजित् कोशल राजाकी छोरी वजिर भन्ने

Downloaded from http://www.dhamma.digital

कुमारी थिइन् र उनको तरफबाट उदयभद्र कुमार[९६] भन्ने एकजना छोरा थिए भन्ने कुरा पालिसाहित्यबाट प्रष्ट हुन्छ।

मूलपालि र अट्ठकथाहरू अध्ययन गर्दा अजातशत्रु राजाको पालामा बुद्ध परिनिर्वाण भइसकेपछि पाटलीग्राममा नगर बसाल्ने काम गरेका थिए। जुन नगरपछि पाटलिपुत्र भयो भन्ने कुरा दीघनिकायको महापरिनिब्बान सूत्रको 'पाटलिपुत्र नगर निर्माण' शीर्षकको कुराबाट, उदानपालिको पाटलिगामिय सूत्र र महावग्गपालिको सुनीधवस्सकार-वत्थुबाट तथा यिनका अर्थकथाहरूबाट प्रष्टसँग बुझ्न सकिन्छ।

सुनीध र वर्षकारको[९७] अलावा गोपकमोग्गल्लान[९८] र उपनन्द[९९] पनि अजातशत्रु राजाका मन्त्रीहरू र सेनापतिहरू थिए भन्ने कुरा पालि साहित्यको अध्ययन गर्दा बुझिन्छ।

पालि त्रिपिटकको अर्थकथाहरू तथा मूलपालिमा खोजी गरी भेटिएका कारणहरू अनुसार लेखिएको अजातशत्रु राजाको कुरा यहीं टुङ्गीन्छ।

अजातशत्रु राजाले बुद्ध परिनिर्वाणपछि २४ वर्षसम्म राज्य गरे[१००]।

Downloaded from http://www.dhamma.digital

## सामग्री

१. जा.अ.क. I-II पृ. ६४५: वड्ढकीसूकरजातकं, जा.नं. २८३.

२. सं.नि.अ.क. I. पृ. १२०: पठम सङ्गामसुत्तं, कोशलसंयुत्तवण्णना, जा.अ.क. I-II. पृ. ५३८: हरितमातु जातकं, जा.नं. २३९ ।

३. दी.नि.अ.क. I. पृ. १५३: सामञ्ञफलसुत्तवण्णना ।

४. जा.अ.क. III पृ. ४८: थुसजातक, जा.नं. ३३८.

५. दी.नि.अ.क. I पृ. १५४: सामञ्ञफलसुत्तवण्णना ।

६. जा.अ.क. III पृ. ४: थुसजातक, जा.नं. ३१, दी.नि. अ.क. I. पृ. १५४ सामञ्ञफलसुत्तवण्णना ।

७. दी.नि.अ.क. I पृ. १५४ ।

८. जा.अ.क. III पृ. ८५: जा.नं. ३३८, दी.नि.अ.क. I. पृ. १५४ ।

९. दी.नि.अ.क. I पृ. १५४

१०. सं.नि.अ.क. I पृ. ६१: सतुल्लपकायिकवग्गो, देवतासंयुत्तं ।

११. जा.अ.क. III पृ. ८५: जा.नं. ३३८ ।

१२. जा.अ.क. III पृ. १५०: , जा.नं. ३७३ ।

१३. दी.नि.अ.क. I पृ. १५७-५८: सामञ्ञफलसुत्तवण्णना ।

१४. धम्म.प.अ.क. पृ. ८३८: जोतियसेट्ठिवत्थु, बाह्मणवर्ग ।

१५. दी.नि.अ.क. I पृ. १७२: सामञ्ञफलसुत्तवण्णना

१६. दी.नि.अ.क. I पृ. १५४ ।

१७. असीतिमहाश्रावक भनेका को को हुन् भन्ने कुरा लेखकको बु.म.भा.–१, पृ. ८९ को पादटिप्पणीमा उल्लेख भएको छ ।

Downloaded from http://www.dhamma.digital

१८. धम्म.प.अ.क. पृ. ८६-८७, देवदत्तवत्थु, यमकवर्ग, दी.नि.अ.क. I. पृ. १५४-५५ ।

१९. सं.नि. II पृ. २०१: पञ्चरथसुत्तं, लाभसक्कारसंयुत्तं ।

२०. जा.अ.क. I-II पृ. ३७७: संजीवजातक, जा.नं. १५० ।

२१. स.नि.अ.क. III पृ. ४: आदित्तसुत्तवण्णना, अनिच्चवग्गो ।

२२. दी.नि.अ.क. I पृ. १५५ ।

२३. दी.नि.अ.क. I पृ. १५५ ।

२४. दी.नि.अ.क. I पृ. १५५-५७: सामञ्ञफलसुत्तवण्णना । यी जनवसभ यक्षको बारेमा लेखकको बु.रा.भा.-१, पृ. १०० वा दीघनिकायको जनवसभ-सुत्तमा हेर्नु बेश हुनेछ ।

२५. दी.नि.अ.क. I पृ. १५७-५८: सामञ्ञफलसुत्तवण्णना ।

२६. जा.अ.क. I-II पृ. ६४५: वड्ढकी सूकरजातक, जा.नं. २८३ ।

२७. जा.अ.क. I-II पृ. ६४५: वड्ढकी सूकरजातक, जा.नं. २८३ ।

२८. धम्म.अ.क. पृ. ५८४: कोसलरञ्ञो पराजयवत्थु, सुखवर्ग ।

२९. जा.अ.क. V पृ. ५०: तच्छसूकर जातकमा भने तीनपटकसम्म पराजित भएको कुरा उल्लेख भएको छैन । यो जातकको अनुवाद लेखकको जा.सं. भा-३, पृ. २३० मा भएको छ ।

३०. सं.नि.अ.क. I पृ. १२१: दुतिय सङ्गामसुत्तवण्णना, कोसलसंयुत्तंमा चाहिँ बुद्धरक्खित र धम्मरक्खित भनी उल्लेख भएको छ ।

३१. मज्झिमनिकायको पियजाति-सुत्तमा 'वजिरी', जा.अ.क. I-II पृ. ६४६, जा.नं. २८३ मा र जा.अ.क. V. पृ. ५१, जा.नं. ४९२ मा चाहिँ 'वजिर' भनी उल्लेख भएको छ, बु.रा.-१ पृ. १६८ ।

Downloaded from http://www.dhamma.digital

३२. जा.अ.क. I-II पृ. ६४५: वड्ढकी सूकर जातक, जा.नं. २८३ र जा.अ.क. V. पृ. ५०: तच्छसूकर जातक जा.नं. ४९२।

३३. जा.अ.क. I-II पृ. ६४६, जा.नं २८३

३४. यो उपहारको कुरा लेखकको बु.रा.भा-१, पृ. ३२० वा मज्झिमनिकायको बाहितिक-सुत्तमा उल्लेख भएको छ।

३५. पपं. सू. III पृ. २४४: धम्मचेतिय सुत्तवण्णना, धम्म. प.अ.क.पृ. २१८: विडूडभवत्थगु, पुप्फवग्गो।

३६. सम.पा. I पृ. ६३: बाहिरनिदानकथा।

३७. धम्म. प.अ.क.पृ. ८४५: जोतियत्थेरवत्थु, ब्राह्मणवर्ग।

३८. गेरगाथा.अ.क. II पृ. २५६: सीलवत्थेरगाथा अट्ठकथा।

३९. जा.अ.क. VII पृ. १११: खण्डहाल जातकं, जा.नं. ५४२।

४०. धम्म.प.अ.क. पृ. ८७-८८: देवदत्तवत्थु, यमकवर्ग, उहीं पृ. ३६६: जीवकवत्थु, अरहन्तवर्ग, दी.नि.अ.क. I पृ. १७५: सामञ्ञफलसुत्तवण्णना।

४१. जा.अ.क. VI पृ. १८५: चुलहंस जातक, जा.नं. ५३३।

४२. सम.पा. II पृ. ८३०-३१: बात्तिंसतिमपाचित्तियं, धम्म.प.अ.क.पृ. ८८: देवदत्तवत्थु, यमकवर्ग, इति.वुअ.क.पृ. ८४: सङ्घभेदसुत्तवण्णना।

४३. दी.नि.अ.क. I पृ. १७२: सामञ्ञफलसुत्तवण्णना।

४४. दी.नि.अ.क. I पृ. १६०: सामञ्ञफलसुत्तवण्णना।

४५. बु.प्रे.पृ. १५२: चूल्लसेट्ठिपेतवत्थु।

४६. पेत.व.अ.क. पृ. ७९-८२: चुल्लसेट्ठिपेतवत्थु। यो कथा लेखकको बु.प्रे.पू १५२ मा उल्लेख भएको छ।

४७. सं.क.धम्म.प.पृ. ९७: देवदत्त-१२, यमकवर्ग।

Downloaded from http://www.dhamma.digital

४८. जा.अ.क. VI पृ. १२७: सङ्किच्च जातकं, जा.नं. ५३०, जा.अ.क. I-II पृ. ३७७: संजीवजातक, जा.नं. १५० ।

४९. पपं.सू. IV पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना ।

५०. यो प्रतिसंस्करण गर्ने काम बुद्ध परिनिर्वाण र उहाँको धातुविभाजन गरिसकेपछि भिक्षुहरु सङ्गायना गर्नको लागि राजगृह आइसकेपछि गरेका हुन् भनी पपं. सू. IV पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

५१. जा.अ.क. I-II पृ. ३७७: संजीवजातक, जा.नं. १५०; जा.अ.क. VI पृ. १२७: सङ्किच्चजातक, जा.नं. ५३०; दी.नि.अ.क. I पृ. १६०: सामञ्ञफलसुत्तवण्णना ।

५२. दी.नि.अ.क. I पृ. १६१: सामञ्ञफलसुत्तवण्णना; जा.अ.क. I-II पृ. ३७७; जा.अ.क. VI पृ. १२८: जा.नं. ५३० ।

५३. दी.नि.अ.क. I पृ. १६१।

५४. 'दशबल' भनेको तथागतको विशेषण हो । तथागतमा दशबलको गुण छ । यी दसबलको बारेमा लेखकको बु.श्रा.च.भा-३, पृ. २९६ मा उल्लेख भएको छ ।

५५. दी.नि.अ.क. I पृ. १६१-६७: सामञ्ञफलसुत्तवण्णना ।

५६. दी.नि.अ.क. I पृ. १७०: सामञ्ञफलसुत्तवण्णना ।

५७. दी.नि.अ.क. I पृ. १६७: सामञ्ञफलसुत्तवण्णना; जा.अ.क. I-II पृ. ३७७-७८: जा.नं. १५०. जा.अ.क. VI पृ. १२७-२८: जा.नं. ५३० ।

५८. दी.नि.अ.क. I पृ. १६७-६९: सामञ्ञफलसुत्तवण्णना ।

५९. दी.नि.अ.क. I पृ. १६९-७०: सामञ्ञफलसुत्तवण्णना ।

६०. पपं.सू. III पृ. २९५: धानञ्जानिसुत्तवण्णना ।

६१. दी.नि.अ.क. I पृ. १७०-७१ ।

Downloaded from http://www.dhamma.digital

६२. दी.नि.अ.क. I पृ. १७०-७१ ।

६३. दी.नि.अ.क. I पृ. १७२-७४: सामञ्ञफलसुत्तवण्णना ।

६४. दी.नि.अ.क. I पृ. १७४: सामञ्ञफलसुत्तवण्णना ।

६५. दी.नि.अ.क. I पृ. १७४ ।

६६. दी.नि.अ.क. I पृ. १७५ ।

६७. यसको विस्तृत विवरणको लागि दीघनिकायको सामञ्ञफल-सुत्तमा हेर्नु होला ।

६८. दी.नि.अ.क. I पृ. २६३: सामञ्ञफलसुत्तवण्णना ।

६९. दी.नि.अ.क. I पृ. २६३: सामञ्ञफलसुत्तवण्णना ।

७०. दी.नि. II पृ. ३२५-२६ ।

७१. दी.नि.अ.क. I पृ. २६३ ।

७२. अ.नि-४, पृ. १९३: उपकसुत्तं, अ.क. II पृ. ५४४; यी उपक मण्डिका पुत्रका कुरा लेखकको बु.गृ.भा-२, पृ. ५४ मा उल्लेख भएको छ ।

७३. धम्म. प.अ.क. पृ. ४६७: महामोग्गल्लानत्थेरवत्थु, दण्डवग्गो; जाअ.क. IV पृ. १५: सरभङ्गजातक, जा.नं. ५५२; यस जातकको अनुवाद लेखकको जा.सं. भा-४, पृ. १६२ मा उल्लेख भएको छ ।

७४. अ.नि.अ.क. II पृ. ७०५-०६ र दी.नि.अ.क. II. पृ. २१४-२४: महापरिनिब्बानसुत्तवण्णना । यस बारेमा विस्तृत कुरा लेखकको बु.ब्रा.भा-२ को पृ. २१७ मा उल्लेख भउको छ ।

७५. दी.नि.अ.क. II पृ. ३२०-२२: महापरिनिब्बानसुत्तवण्णना ।

७६. दी.नि.अ.क. II पृ. ३२२: महापरिनिब्बानसुत्तवण्णना ।

७७. दी.नि. पृ. १२६ ।

७८. दी.नि.अ.क. II पृ. १२७: महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://www.dhamma.digital

७९. दी.नि.अ.क. II पृ. १२७: महापरिनिब्बानसुत्तं, अ.क. II पृ. ३२३; यस सम्बन्धमा दीघनिकायको महापरिनिब्बान-सुत्तमा केही कुरा उल्लेख भएको छ ।

८०. एक उसभ भनेको कति रहेछ भन्ने कुरा जान्नको लागि लेखकको बु.म.भा-१, पृ. ३८ को पादटिप्पणीमा हेर्नुहोला ।

८१. दी.नि.अ.क. II पृ. ३२५: महापरिनिब्बानसुत्तवण्णना ।

८२. पृ. १५१: धातुपेतवत्थुअट्ठकथा ।

८३. दी.नि. II पृ. १२८: महापरिनिब्बानसुत्तं, अ.क. II पृ. ३२५; बु.रा-२, पृ. १७८ ।

८४. दी.नि.अ.क. II पृ. ३२५-२८: महापरिनिब्बानसुत्तवण्णना ।

८५. पृ. १३६: विसालक्खी विमान अट्ठकथा र पृ. १६०: पीतिविमान अट्ठकथा ।

८६. (१) राजगृहमा एउटा, (२) वैशालीमा एउटा,
(३) कपिलवस्तुमा एउटा (३), (४) अल्लकप्पमा एउटा,
(५) रामग्राममा एउटा (६) वेठद्वीपमा एउटा,
(७) पावामा एउटा, (८) कुशीनगरमा एउटा,
(९) द्रोण ब्राह्मणले 'तुम्ब' राखी बनाएको एउटा तथा
(१०) पिप्पलीवनीय मौर्यहरुले 'अङ्गार' राखी बनाएको एउटा गरी जम्मा दसवटा स्तूपहरू हुन् । दी.नि.अ.क. II पृ. १२८: महापरिनिब्बानसुत्तवण्णना ।

८७. सुमं.वि. II पृ. ३२६: महापरिनिब्बानुसुत्तवण्णना ।

८८. सुमं. वि. II पृ. ९९: महापदानसुत्तवण्णनामा महाकश्यप स्थविरको आयु १२० वर्ष थियो भनी उल्लेख गरेको छ ।

८९. दी.नि.अ.क. II पृ. ३२६-२८: महापरिनिब्बानसुत्तवण्णना ।

९०. सम. पा. I पृ. ६: बाहिरनिदानकथा ।

९१. सम. पा. I पृ. ९: बाहिरनिदानकथा ।

Downloaded from http://www.dhamma.digital

९२. सम. पा. I पृ. १०: बाहिरनिदानकथा।

९३. सम. पा. I पृ. १०-११: बाहिरनिदानकथा।

९४. पृ. ४०।

९५. जा.अ.क. I-II पृ. ६४६: वड्ढकीसूकरजातक, जा.नं. २८३ र जा.अ.क. V पृ. ५१: तच्छसूकरजातक, जा.नं. ४९२।

९६. दीघनिकायको सामञ्ञफल-सुत्त।

९७. दीघनिकायको महापरिनिब्बान-सुत्त।

९८. मज्झिमनिकायको गोपकमोग्गल्लान-सुत्त।

९९. मज्झिमनिकायको गोपकमोग्गल्लान-सुत्त।

१००. समं. पा. I पृ. ६३: बाहिरनिदानकथा।

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# त्रिपिटकको सूची

## सुत्तपिटक

१. दीघनिकाय
२. मज्झिमनिकाय
३. संयुत्तनिकाय
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय
   १) खुद्दकपाठ
   २) धम्मपद
   ३) उदान
   ४) इतिवुत्तक
   ५) सुत्तनिपात
   ६) विमानवत्थु
   ७) पेतवत्थु
   ८) थेरगाथा
   ९) थेरीथाथा
   १०) जातक
   ११) निद्देस } क. महानिद्देस, ख. चुल्लनिद्देस
   १२) पटिसम्भिदामग्ग
   १३) अपदान
   १४) बुद्धवंस
   १५) चरियापिटक

## विनयपिटक

१. पाराजिकापालि
२. पाचित्तियपालि } सुत्तविभङ्ग
३. महावग्गपालि
४. चुल्लवग्गपालि } खन्धक
५. परिवारपालि

## अभिधम्मपिटक

१. धम्मसङ्गाणिपालि
२. विभङ्गपालि
३. धातुकथापालि
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थुपालि
६. यमकपालि
७. पट्ठानपालि

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital